# भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विषय अर्न्तगत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्नको
लागि तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

**सुरेन्द्र राई**

**परीक्षा क्रमाङ्क : २१८०१४९/ २०७५**

**त्रि.वि.वि.दर्ता नं. : ६-१-३-२३४०-९९**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**


**वि.सं. २०७९/सन् २०२३**

# भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन

विषय अर्न्तगत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

आंशिक आवश्यकता पूरा गर्नको

लागि तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

**सुरेन्द्र राई**

**परीक्षा क्रमाङ्क : २१८०१४९/ २०७५**

**त्रि.वि.वि.दर्ता नं. : ६-१-३-२३४०-९९**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**


वि.सं. २०७९/सन् २०२३

*शोधपत्र पेश गरेको मितिः*
*वि.सं. २०७९/११/१०*
*इ.स. २२, फेब्रुअरी, २०२३*

*शोधपत्र भाइवा मितिः*
*वि.सं.२०७९/११/२२*
*इ.स. ६, मार्च,२०२३*

## प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको प्रस्तुत "भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता" को शोधपत्र कहि कतैबाट नक्कल गरिएको वा सारिएको होइन । मेरो परिश्रम तथा अनुसन्धानबाट स्थलगत रुपमा  अध्ययन अनुसन्धान गरी तयार पारिएको हो । यस अनुसन्धानमा प्रयोग गरिएको प्राथमिक तथ्याङ्कहरु म अनुसन्धानकर्ता आफैले सङकलन गरिएको हो भनि प्रतिद्धता व्यक्त गर्दछु ।

२०७९, चैत्र

.....................

सुरेन्द्र राई

# जनता बहुमुखी क्याम्पस
Janta Multiple Campus
इटहरी, सुनसरी, नेपाल
Itahari, Sunsari, Nepal
स्थापित : २०४५
Estd.2045
(त्रिभुवन विश्वविद्यालय व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय सम्बन्धन प्राप्त)
विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (वि.सं.२०७५)
(Accredited by University Grants Commission (UGC) Nepal (2018 A.D.)
☎०२५-५८१३००
FAX: ०२५-५८००६४


प.सं.
Ref:

मिति : २०७९/११/१०
Date: …………..

## विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष कोड नं ५९८ को आंशिक आवश्यकता पूरा गर्नका लागि सुरेन्द्र राईले "भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता" शीर्षक को शोधपत्र मेरो निर्देशनमा रहि तयार पार्नु भएको हो । उहाँको यस लेखन प्रति म सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मुल्याङ्कनका लागि शोध मुल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

...........................

**विमल नेपाल**

शोध निर्देशक

जनता बहुमुखी क्याम्पस
Janta Multiple Campus
इटहरी, सुनसरी, नेपाल
Itahari, Sunsari, Nepal
स्थापित : २०४५
Estd.2045
(त्रिभुवन विश्वविद्यालय व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय सम्बन्धन प्राप्त)
विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (वि.सं.२०७५)
(Accredited by University Grants Commission (UGC) Nepal (2018 A.D.)
☎ ०२५-५८१३००
FAX: ०२५-५८००६४

प.सं.
Ref:

मिति २०७९/११/२२
Date: ..............

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन (एम.एड.) दोस्रो वर्षका छात्र सुरेन्द्र राईले **भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरुको विद्यालयमा सहभागीता** शीर्षकमा तयार पारेको शोध पत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

१. शान्तिराम दाहाल ............................
उप प्राध्यापक (विभागिय प्रमुख)

२. विमल नेपाल ............................
उप प्राध्यापक (शोध निर्देशक)

३. गणेश खनाल ............................
सह प्राध्यापक (वाह्य सुपरिवेक्षक)

शिक्षाशास्त्र केन्द्रीय विभाग
किर्तिपुर, काठमाण्डौं
मितिः ६ मार्च, २०२३

E-mail: jmcithexam@gmail.com, www.jantacampusith.edu.np, Notice Board No. 1618025581300

## कृतज्ञता ज्ञापन

भूमिहीन *सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता* शीर्षकको शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य पूरा गर्नका लागि महत्वपूर्ण निर्देशन, सुझाव, सल्लाह, हौसला एवं मार्ग निर्देशन गर्नु हुने आदरणीय गुरु विमल नेपाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधकार्यको मौका दिनु भएकामा क्याम्पस प्रमुख प्रा.डा. गीता अधिकारी र विभागीय प्रमुख शान्तिराम दाहाल प्रति पनि आभार प्रकट गर्दछु । यस शोधपत्रलाई पूर्णता दिने क्रममा प्रश्नको उत्तर दिनुहुने, अन्तर्वार्ता दिनुहुने, छलफलमा सहभागी भई आफ्नो अमूल्य समय उपलब्ध गराइदिनु भएकोमा धरान उपमहानगरपालिका शिक्षाशाखा प्रमुख रत्नबहादुर कटुवाल र आवश्यक सहलाह प्रदान गर्नुहुने जनता व. क्यामपसका स्नातकोत्तर संयोजक तथा सहायक क्याम्पस प्रमुख डा. श्री टोलनाथ काफ्लेज्यू प्रति धन्यवाद दिन चाहान्छु । शोधपत्र लेखनको कार्यलाई अघि बढाउने क्रममा कार्य व्यस्तताका बाबजुद पनि “भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरुको विद्यालयमा सहभागिता” वारेमा संस्थागत रुपमा आफ्नो अमुल्य समय उपलब्ध गराई आफ्ना अमूल्य सुझाव दिई सहयोग पुऱ्याउनु हुने श्री ज्ञानोदय माध्यामिक विद्यालय धरान-११ का प्र.अ. श्री देवकुमार श्रेष्ठ तथा आवश्यक छलफल तथा प्रश्नावली भरेर तथ्याङ्क उपलब्ध गराउनु हुने नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, विद्यार्थीहरु सबैप्रति आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी शोधपत्र लेखन र टाइपमा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने श्री अमृतमान शाक्यज्यू प्रति हार्दिक धन्यवाद दिन चाहान्छु साथै उचित समय र वातावरण मिलाई सहयोग पुऱ्याउने मेरो घर परिवारका सबै सदस्यहरुलाई  बिशेष धन्यवाद दिन चाहान्छु ।

२०७९, चैत्र

सुरेन्द्र राई

# शोधसार


*प्रस्तुत शोधपत्र "भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरू विद्यालयमा सहभागिता" शीर्षकमा तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरूमा भूमिहीन सुकुम्बासी बालबालिकाको आधारभूत तहमा विद्यालयमा सहभागिता पत्ता लगाउनु, भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारण खोजी गर्नु, सुकुम्बासी बालबालिकाले विद्यालय छोड्नुका कारण पत्ता लगाउनु, भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याको खोजी गर्नु र ती समस्या समाधानका उपायहरू पहिल्याउनु रहेका छन् ।*

*यस शोधपत्र मिश्रित अनुसन्धान ढाँचामा तयार गरिएको छ । यस अध्ययनमा उद्देश्यमुलक नमुना छनोट विधिद्वारा उपमहानगरपालिका शिक्षा शाखा प्रमुख, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीमा गरिएको छ । यस अध्ययनको परिसीमा सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ११ मा रहेको सीमाना चोकका आधारभूत तहमा (१-५) अध्ययनरत बालबालिकामा यो अध्ययन सीमित छ । यो अध्ययनमा तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोत हुन् । द्वितीय स्रोतको रूपमा विद्यार्थीको प्रगति विवरण, भित्तेलेखन, मार्कलेजर, हाजिरी खातालाई लिइएको छ । प्रत्यक्ष अवलोकन भ्रमण गरी प्रश्नावली, अन्तर्वार्ता र अवलोकन फारम जस्ता साधन प्रयोग गरी अध्ययन गरिएको छ । नमुना आकारका रूपमा ५० वटा घरधुरीका ५० जना अभिभावक, २० जना विद्यालय गएका बालबालिका, २० जना विद्यालय नगएका बालबालिका, २० जना बीचैमा कक्षा छोडेका बालबालिका गरी ६० जना बालबालिका, प्र.अ. ४ जना, शिक्षक ८ जना, विद्यालय ४ वटा, अन्य सम्बन्धित व्यक्तिहरू ५ जनालाई नमूनाको रूपमा छनोट गरी अध्ययनलाई पूर्णता दिइएको छ ।*

*अध्ययनको क्रममा सुकुम्बासी बालबालिकाहरू विद्यालय भर्ना नहुनु र बीचैमा कक्षा छोड्नुको मुख्य कारण चरम गरिबी नै भएको निष्कर्ष निस्किएको छ । त्यसै गरि अभिभावकहरु निरक्षर, मादक पदार्थ सेवन गर्ने, घरेलु हिंसा हुने सम्बन्धमा खटपट हुने तथा सम्बन्ध विच्छेद हुने र आश्रित बालबालिकाहरु हुने आदि कारणले विद्यालयमा सुकुम्बासी बालबालिकाहरुको सहभागिता कम रहेको पाइएको छ ।*

*भूमिहीन सुकुम्बासी अभिभावकको स्थायी आम्दानीको स्रोत नभएको कारण उनीहरूलाई सीपमूलक शिक्षा प्रदान गर्नुपर्ने, स्थानीय निकाय तथा सामाजिक संस्थाले विभिन्न लक्षित समूहलाई सहयोग दिने, संस्थाबाट सहयोग माग गरी भूमिहीन सुकुम्बासी बालबालिकालाई शिक्षा प्रदान गर्ने, वर्गीय विभेदको अन्त्य गरी सामाजिक रूपमा प्रतिष्ठित एवम् सम्मानजनक जीवनयापन गर्ने स्थितीको सृजना गर्ने, बालबालिकालाई पुरस्कार दिने, सुकुम्बासी बालबालिकाहरुको सम्मान गरी  हौसला बढाई विद्यालयमा सहभागितामा वृद्धि गर्न सकिने सुझावको रुपमा प्रदान गरिएको छ ।*

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| प्रतिवद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | ङ-च |
| विषय सूचि | छ |
| **परिच्छेद एक** | |
| **परिचय** | **१-७** |
| अध्ययनको पृष्ठभूमि | |
| समस्या कथन | |
| अध्ययनको औचित्य/महत्व | |
| अध्ययनको उद्देश्य | |
| अनुसन्धानात्मक प्रश्न | |
| अध्ययनको परिसीमा | |
| मुख्य शब्दावलीहरूको परिभाषा | |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **८-१४** |
| सम्बन्धित साहित्यको पुनरावलोकन | |
| अध्ययनको सैद्धान्तिक खाका | |
| शैक्षिक उपादेयता | |
| **परिच्छेद तीन** | |
| **अनुसन्धान विधि** | **१५-१७** |
| अनुसन्धानात्मक ढाँचा | |
| जनसङ्ख्या र नमुना | |
| तथ्याङ्कका स्रोतहरू | |
| प्राथमिक स्रोत | |

सहायक स्रोत
अनुसन्धानका साधनहरू
अन्तर्वार्ता अनुसूची
प्रश्नावली
स्थलगत सर्वेक्षण फाराम
तथ्याङ्क सङ्कलन प्रक्रिया
तथ्याङ्कको विश्लेषण तथा व्याख्या

**परिच्छेद चार**

**नतिजाको छलफल** **१८-३७**

भूमिहीन सुकुम्बासी बालबालिकाको आधारभूत (१-५) तहमा सहभागिता
आधारभूत (१-५) तहको विद्यार्थी विवरण
परिवारको किसिम अनुसार विद्यालयमा सहभागिताको स्थिति
भूमिहीन सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको शिक्षामा संलग्नता
भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारणहरू
आर्थिक कारण
शैक्षिक सामग्रीको अपर्याप्तता
निरन्तर असफल हुनु
सामाजिक कारण
चेतनाको कमि
शिक्षकको भेदभावपूर्ण व्यवहार
भौतिक सुविधाको अभाव
घरायासी कारण
भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा
भूमिहीन सुकुम्बासी विद्यार्थीहरुको धारणा
भूमिहीन सुकुम्बासी बालबालिकाको कक्षा छाड्ने कारणहरु
भूमिहीन सुकुम्बासी बालबालिकाका विद्यालयमा नियमितता तथा सहभागिता
विद्यालयमा भर्ना नभएका र बीचैमा कक्षा छाडेका बालबालिकको अवस्था

४.८ भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नुका कारणहरु

विद्यालयमा भर्ना नहुने र कक्षा छाड्ने बालबालिकाका अभिभावको मासिक आय आर्जनको

अवस्था

अभिभावकको खानपानको अवस्था

बालबालिकाका अभिभावकहरुको शिक्षाप्रतिको धारणा

भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याहरु

भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

भूमिहीन सुकुम्बासी बालबालिकाको धारणा

विद्यालयमा नयाँ भर्ना र पुन : विद्यालयमा सहभागी गराउने उपायहरु

आर्थिक सहयोग प्रदान गर्नु पर्ने

अतिरिक्त समयमा निशुल्क शिक्षा दिएमा

शैक्षिक सामग्री, छात्रवृत्ती, पोशाक दिएमा

स्वास्थ्य राम्रो भएमा

भाइ वहिनी हुर्केपछि

स्थायी वसोवास भएमा

आमाको स्वास्थ्य ठीक भएमा

दाजुदिदी विद्यालय गएमा

प्रविधिक शिक्षा दिएमा

शिशु स्याहार केन्द्र भएमा

चेतनामूलक कार्यक्रम भएमा

शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा

प्राप्ति

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरू** **३८-४१**

निष्कर्ष

सुझावहरू

नीतिगत तह

कार्यान्वयन तह

अनुसन्धान तह

सन्दर्भ सूची

अनुसूचीहरू

# परिच्छेद एकः परिचय

## अध्ययनको पृष्ठभूमि

नेपालमा परम्परागत हिन्दु-वैदिक शिक्षाको लामो इतिहास थियो । बौद्ध धर्म-दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्मदर्शनमा आधारित शिक्षा र हिन्दु-वैदिक शिक्षाअन्तर्गत विशेषतः गुरुकुल प्रणालीका शिक्षा सीमित मात्रामा प्रचलित थिए । नेपालको एकीकरण पूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन । त्यस बेला धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो । नेपालमा परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रही रहेको बेला वि.सं. १९१० मा दरबारस्कुलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो । नेपालमा उच्चशिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ । नेपालमा वि.सं.२००७ साल भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायमा भएकाले आम जनसमुदाय शिक्षाको अवसरबाट वञ्चित रहेका थिए । यस तथ्यलाई वि.सं.२००७ सालको शैक्षिक तथ्याङ्कले पनि स्पष्ट पार्दछ । त्यसबेला नेपालको साक्षरता करिब २ प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशालाहरू ३२१, माध्यमिक स्कुलहरू ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थियो । त्यसबेला एउटा संस्कृत विद्यालयमा औपचारिक रूपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ भने एउटा आयुर्वेद विद्यालयमा पनि उच्च तहको अध्यापनको व्यवस्था रहेको थियो (राष्ट्रिय शिक्षा आयोग,२०४९) ।

नेपाली बालबालिकाका लागि शिक्षाका मुख्य बाधाहरूमा गारिबी, जातीय पक्षसँग जोडिएका सामाजिक विभेद, शारीरिक अस्वस्थता, आप्रवासन, बालश्रम, बाल विवाह, बेचबिखन, हानिकारक सामाजिक मूल्यमान्यता र लैंगिक पक्षपात, विद्यालयको पूर्वाधार र कर्मचारीको कमजोर अवस्था, भाषिक अवरोध, प्राकृतिक विपद् तथा बन्द हड्ताल, कमजोर सुशासन तथा आर्थिक स्थिति रहेका छन् (मानन्धर, २०७८)

नेपाल सरकारको शिक्षा नीतिको एक प्रमुख उद्देश्य सार्वजनिक विद्यालयहरूमा पढाइको गुणस्तर माथि उठाउनु रहेको छ । हालसम्म विद्यालय शिक्षामा प्रवेश नगरेका बालबालिकाहरूलाई पनि विद्यालयमा भर्ना गर्न र विद्यालय शिक्षाको सम्पूर्ण अवधिभर विद्यालयमा टिकाइराख्ने उद्देश्य पनि रहेको छ । सरकारी अनुदानमा चल्ने सामुदायिक

विद्यालयहरूका निम्ति शिक्षक तलब र विभिन्न अनुदानहरू उपलब्ध गराइन्छ । अनुमति प्राप्त सामुदायिक विद्यालयहरू र समुदायले सञ्चालनको जिम्मा लिएका विद्यालयहरूका निम्ति राहत कोटा (शिक्षक तलब अनुदान) दिइएको छ । तर पनि सुकुम्बासी विद्यार्थीहरू समेटिन सकेका छैनन् ।

शिक्षा ऐनमा सातौं संशोधनले विद्यालयमा स्थानीय अभिभावकहरूको समावेश, संलग्नता र सरोकार अपरिहार्य बनाएपछि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन प्रक्रिया द्रुतगतिमा अघि बढ्दै गयो । फलस्वरूप यी दुवै समितिहरूमा शिक्षक, स्थानीय अभिभावक, दलित, जनजाति तथा महिलालाई समावेश गरेर समावेशी समिति बनेको छ । तर केही विद्यालयमा समितिका अध्यक्ष तथा सदस्य पदमा गैरअभिभावकहरू पनि संलग्न भएको पाइयो । गैर अभिभावक संलग्न हुनुका कारणहरू धेरै भए तापनि यिनमा राजनीतिक कारण नै मुख्य रहेको पाइयो । अर्कोतर्फ यी समितिमा रहनु सामाजिक प्रतिष्ठाको विषय भएका कारण पनि ती गैरअभिभावकहरूमा सो समितिप्रति मोह भएको पाइयो । त्यसै गरी स्रोतको अभाव रहेको वा विपन्न विद्यालयहरूमा विद्यालयको बृहत्तर हित तथा विकासका लागि गैरअभिभावकहरूलाई सर्वसम्मतिबाट अध्यक्ष तथा सदस्य पदमा निर्वाचित गरेको पनि पाइयो । यस्ता विद्यालयका सदस्यहरू गैरअभिभावक समाजसेवी, विद्यालयको हित चाहने, विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग गरेका वा जग्गा उपलब्ध गराउने मध्येका थिए । तर अर्कोतर्फ स्रोत सम्पन्न विद्यालयहरूमा अध्यक्ष तथा सदस्यहरूका लागि विवाद रहने, चुनाव हुने र ३/४ पटकको प्रयासपछि मात्र समितिहरू गठन हुने गरेको देखियो (फर्मेटिभ अनुसन्धान परियोजना, २०६५) ।

भुमिहीन 'सुकुम्बासी' भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमीन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ । त्यसै गरी 'अव्यवस्थित बसोबासी' भन्नाले ऐनको दफा ५२ग को स्पस्टीकरण खण्डमा उल्लेख भए बमोजिम सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद गर्दै बसेको व्यक्ति वा परिवारलाई जनाउदछ ।

चेतनाको कमीले विद्यार्थीलाई बीचैमा छाड्न बाध्य पार्ने कारक तत्व हो । तसर्थ भूमिहीन सुकुम्बासी परिवारको आर्थिक अवस्था सुधार गर्न रोजगारी र चेतना फैलाउने

किसिमका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सञ्चार माध्यम, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले यी समस्या उठाउनु पर्ने देखिन्छ (कोइराला, २०६६) । खासगरी सुकुम्बासी समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच न्यून रहँदा उनीहरुको चेतनास्तरमा प्रत्यक्ष प्रभाव पर्न जान्छ । शिक्षाको पहुँचको सिधा सम्बन्ध उनीहरुको निर्णय प्रक्रिया तथा विकासका बिबिध आयामहरुमा रहेको हुन्छ । प्रस्तुत पृष्ठभूमिका आधारमा सुकुम्वासी समुदायका बालबालिकाहरुको बिद्यालयमा सहभागीताको शीर्षकलाई अध्ययनको रुपमा अगाडि बढाईएको छ ।

## समस्याको कथन

विद्यालयहरुमा सामाजिक आर्थिक कारणहरुले गर्दा वालवालिकाहरुको सहभागिता कम हुन गएको छ । अझ भुमिहीन सुकुम्बासी समुदायका वालवालिकाहरुको विद्यालयमा भर्नादर न्यून छ । यसै सन्दर्भमा धरान उप-महानगरपालिकामा रहेका भुमिहीन सुकुम्बासी समुदायका वालवालिकाहरुको विद्यालयमा सहभागीतालाई लिएर यस अध्ययनलाई अगाडी बढाइएको छ । नेपाल सरकारले विभिन्न समयमा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरे पनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन राम्रोसँग हुन सकेको छैन् । नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमि सम्बन्धी समस्या समाधान आयोग विगत देखि वर्तामान सम्म गठन गरेता पनि भूमिहीन सुकुम्बासीको समस्या दीर्घकालीन रुपमा समाधान हुन सकेको छैन् । आर्थिक विपन्नता, कमजोरी, चेतनाको कमी र अभिभावक स्वयम् निरक्षर भएको कारण बालबालिकाहरूको पठनपाठन प्रभावकारी नभई कतिपय बालबालिका विद्यालयमा भर्ना हुन सकेका छैनन् भने कतिपय बालबालिकाले बीचैमा विद्यालय छाड्ने गरेका छन् । आर्थिक विपन्नता, कमजोरी, चेतनाको कमी र अभिभावक स्वयम् निरक्षर भएको कारण बालबालिकाहरूको पठनपाठन प्रभावकारी नभई कतिपय बालबालिका विद्यालयमा भर्ना हुन सकेका छैनन् भने कतिपय बालबालिकाले बीचैमा विद्यालय छाड्ने गरेका छन् । धरान उपमहानगरपालिका वडा नं. ११ स्थित सिमाना चोकमा प्रयाजसो गरिव र विपन्न वर्गका मानिसहरू वसोवास गर्दै आएका छन् । अभिभावकहरूको अशिक्षा, गरिवी, विपन्नता, जनचेतनाको कमी, सरकारी गैरसरकारी निकायबाट योजनावद्ध जागरण अभियानको कमि, सरोकारवालाहरूको समन्वयको अभाव, स्थानीय निकाय, प्रदेश सरकार र केन्द्रीय सरकार आदिबाट प्रभावकारी कदम नचालिनु कक्षाकोठाभित्र गरिने क्रियाकलापहरूको अभाव, परम्परागत सोचाइ जस्ता कारणहरूले विद्यालयतर्फ बालबालिकाहरू आकर्षित हुन सकेका

छैनन् । भूमिहीन सुकुम्बासी बालबालिकाको आधारभूत विद्यालय तहमा सहभागिता कस्तो रहेको छ ? भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारणहरू के के हुन् ?, भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नका कारणहरू के कस्ता छन् ? भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याहरू कस्ता छन् ?समस्याको समाधानको उपाय के कस्ता हुन सक्दछन् ? लगायतका समस्याहरुलाई अध्ययनको समस्याको रुपमा उठान गरिएको छ ।

**अध्ययनको औचित्य**

गरिब परिवारका बालबालिकालाई शिक्षा पाउने अधिकारको पूर्ण प्रत्याभूति गराउन अति गरिब, सुकुम्बासी तथा समस्याग्रस्त बालबालिकाको सही पहिचान गरी उनीहरूलाई आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गर्न नसके सबै बालबालिकाकालाई विद्यालय प्रवेश गराउने र टिकाउने सरकारको लक्ष्य पूरा हुँदैन । गुणात्मक शिक्षा एउटा समूह, व्यक्ति र समुदायको प्रयासबाट मात्र नभई यसको लागि पधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदाय, स्थानीय निकाय, सरकारी तथा गैरसरकारी निकायहरू र सरोकारवालाहरू सबैको उतिकै महइभ्वपूर्ण प्रयास हुनु नितान्त जरुरी हुन्छ । अभिभावकहरू, समुदाय, बालबालिकाहरूमा देशमा विभिन्न समस्याहरूले ग्रसित पारेको हुँदा उनीहरूमा सर्वप्रथम जनचेतनाको अभिवृद्धि गरिनु पर्दछ ।

प्रस्तुत अध्ययन शैक्षिक क्षेत्रको समुचित विकास र क्रमिक सुधारको लागि शिक्षा क्षेत्रमा देखिएका समस्याहरू पहिल्याई त्यस्ता समस्या समाधानका उपाय पत्ता लगाउन अति आवश्यक हुन्छ । यस अध्ययनले अध्ययन क्षेत्रको प्राथमिक विद्यालय उमेरका भूमिहीन सुकुम्बासी परिवारका बालबालिकाको शिक्षामा पहुँच पत्ता लगाउने छ । यसबाट प्राथमिक विद्यालय उमेरका भूमिहीन सुकुम्बासी बालबालिका त्यो भूमिहीन सुकुम्बासी वस्तीमा कति छन् ? तिनमा कतिले शिक्षाको अवसर पाएका छन् ? कति शिक्षाको अवसरबाट वन्चित छन् ? र यसका मुख्य कारण पत्ता लगाउने कार्यबाट समाधानका उपायहरू पत्ता लगाउन सहयोग पुऱ्याउने छ । गरिब, दलित, भूमिहीन सुकुम्बासी बालबालिकाको हकहितमा कार्यरत संघ, संस्था, शिक्षा विकासमा लागेका संघ, संस्था, वुद्धिजीविलाई शिक्षा योजना निर्माण गर्न प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउँछ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्नअनुसारका उद्देश्यहरू राखिएको छ :

१. भूमिहीन सुकुम्बासी बालबालिकाको आधारभूत तहमा सहभागिता पत्ता लगाउनु,

२. भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारण खोजी गर्नु,

३. भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छोड्नुका कारण पत्ता लगाउनु

४. भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याको पहिचान गरी समस्या समाधानको उपायहरु खोजी गर्नु,

## अनुसन्धान प्रश्न

प्रस्तुत अध्ययनको अनुसन्धान प्रश्नहरू निम्नअनुसार रहेका छन् :

१. भूमिहीन सुकुम्बासी बालबालिका आधारभूत तहमा भर्नाको स्थिति कस्तो छ ?

२. किन भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छाड्छन् ?

३. उनीहरुले विद्यालय छोड्ने कारण र समाधान के कस्ता रहेका छन्?

## अध्ययनको परिसीमा

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नका लागि सीमा बाध्नु आवश्यक हुन्छ किनभने छोटो समयमा गरिने शोधपत्रले ठुलो ठाउँ ओगट्न नसक्ने हुनाले यो शोधका लागि तोकिएको परिसीमा सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ११ मा रहेको सीमाना चोकका आधारभूत तहमा (१-५) अध्ययनरत सुकुम्बासी बालबालिकामा यो अध्ययन सीमित गरिएको छ । सुकुम्बासी बालबालिकाहरुको विद्यालयमा सहभागीतालाई मात्र अध्ययनको रुपमा समाबेश गरिएको छ ।

## मुख्य शब्दावलीहरूको परिभाषा

भूमिहीन सुकुम्बासी :आफ्नो नाममा जग्गा जमिन वा लालपूर्जा नभएको व्यक्ति वा परिवार,

शैक्षिक सहभागिता : शिक्षामा उपस्थिति हुने मानिस वा समुह, भेला,

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि अभिलेखमा

जनाइएको व्यक्ति,

प्रधानाध्यापक : विद्यालयको दैनिक प्रशासन चलाउन नियम वमोजिम तोकिएको प्रशासनिक नेतृत्व गर्ने व्यक्ति,

शिक्षा शाखा : नेपाल सरकारको स्थानीय तहमा शिक्षासम्बन्धी सम्पूर्ण कार्य गर्ने निकाय,

सामुदायिक विद्यालय : सरकारी स्तारबाट नियमीत रूपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त आर्थिक अनुदान तथा अन्य सरकारी सुविधा पाउने विद्यालय,

स्थानीय तह : नेपालको संविधान २०७२ अनुसार स्थानीय स्तरमै स्थापित अधिकार सम्पन्न स्थानीय सरकार ।

विद्यालय व्यवस्थापन समिति : नेपालको शिक्षा ऐन अर्न्तगत विद्यालयको व्यवस्थापन गर्न अभिभावकहरु मध्येबाट सर्वसम्मत छानिएको वा निर्वाचनद्वारा निर्वाचित समिति

शिक्षक अभिभावक संघ : नेपालको शिक्षा ऐन अर्न्तगत विद्यालयको व्यवस्थापन गर्न शिक्षक तथा अभिभावकहरु मध्येबाट सर्वसम्मत छानिएको वा निर्वाचनद्वारा निर्वाचित समिति

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यलाई विश्वसनीय र व्यावहारिक बनाउन सम्बन्धित विषयमा गहन अध्ययन आवश्यक हुन्छ । यो अध्ययन भूमिहीन सुकुम्बासी बालबालिका बारेमा विभिन्न समयमा विभिन्न प्रयोजनले समस्यामा केन्द्रित भएर अध्ययनहरू भएका छन् । त्यस्ता अध्ययनहरूको काल क्रमिक वर्णन गरिएको छ । नयाँ विषयमा अध्ययन र अनुसन्धान गर्नका लागि सैद्धान्तिक अवधारणात्मक ढाँचा सम्बन्धि अध्ययन गर्न आवश्यक छ । त्यसै मुताविक प्रस्तुत अध्ययनसंग सम्बन्धित विभिन्न अवधारणा तथा सिद्धान्तको ज्ञान तथा जानकारी र अनुसन्धानबाट निस्किएका निष्कर्षहरुको अध्ययन गर्नु उपयोगी हुन्छ । त्यस्तै लेख तथा रचनाहरुको अध्ययनले अध्ययन गर्न खोजिएको विषयमा गहिराइमा पुऱ्याउन मद्दत गर्दछ भने अनुसन्धानका प्रतिवेदनले कार्यक्रम, रणनीति र कार्ययोजना तय गर्न सम्भव तुल्याउँदछ ।

यस अध्ययनको सम्बन्धित साहित्य र सैद्धान्तिक खाकाले अध्ययन खोज कार्यलाई शिलसिलेबार बनाउनुको साथै अध्ययनका लागि सङ्कलित तथ्याङ्कलाई विश्लेषणात्मक रुपमा पुष्टि गर्न आवश्यक आधार प्रदान गर्दछ । कुनै पनि शोधपत्र आफैमा एउटा वास्तविक तथ्याङ्कहरुको दस्तावेज भएकाले यसलाई प्रमाणित गर्न आवश्यक सैद्धान्तिक प्रमाणहरुको आधार लिनुपर्छ जुन आधार प्रदान गर्दछ । अझ यस अध्ययनको सन्दर्भमा त यो एउटा अनुसन्धानमुलक खोज भएकाले अध्ययनका सिलसिलामा प्राप्त भएका सबै तथ्याङ्कलाई प्रमाणित गर्न सैद्धान्तिक ज्ञानको आधार लिनुपर्दछ । विभिन्न शोधपत्र लेख रचनाको अध्ययन र विश्लेषण गर्दा अध्ययन गर्नका लागि विषयवस्तुको गहिराइसम्म पुग्न मद्दत पुग्ने छ र एउटा तथ्यमा आधारित शोध पत्र वन्नमा आधार दिन्छ । यी सामग्रीको अध्ययनबाट शोधकार्य गर्न मार्ग निर्देशन प्राप्त हुन्छ ।

उपयुक्त आधारमा भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरुको विद्यालयमा सहभागितालाई समेट्ने खालको हालसम्म एकदमै न्युन संख्यामा अध्ययन अनुसन्धान भइरहेकाले माथि उल्लेखित साहित्य र सैद्धान्तिक अवधारणात्मक खाकाले प्रस्तुत अध्ययनलाई अघि बढाउने निष्कर्षमा पुऱ्याउने काममा सहयोग पुग्नेछ ।

समाजिक न्याय शिक्षालाई कक्षाकोठा शिक्षण संग अवद्ध गराउन (वेस्टन र वेल, १९८२) ले अध्ययन गरी ढाँचा प्रदान गुर्न भएको थियो । सामाजिक न्याय शिक्षालाई विषय

वस्तुका आधारमा शिक्षण अभ्यासको प्रमुख स्वरुप निर्धारण गर्न हामीले के सिकाउने देखि त्यसलाई सिकारुमा कसरी शैक्षणिक आधारहरुको विश्लेषण गर्नु पर्छ भनि उल्लेख गर्नु भएको थियो । यसरी कक्षा कोठा भित्रको विविधतालाई केन्द्रमा राखेर शैक्षणिक क्रियाकलाप निर्धारण गर्नु पर्ने भनि उल्लेख गर्नु भएको थियो ।

सामाजिक न्याय शिक्षा लाई प्रदान गर्दा विभिन्न समस्या वा कठिनाईहरु उत्पन्न भए संगै वहस छलफलमा आए जसलाई पुनः (वेस्टन र वेल, १९८२ र सेमन, १९९३) ले शैक्षणिक द्विविधाहरु (Dilemmes) माथी उठेका विषयहरुको समाधान गर्न र सामाजिक न्याय शिक्षाको कार्य ढाँचालाई प्रस्तुत गरेका थिए । सिकाई प्रक्रियाको  लागी संवेगात्मक तथा ज्ञानात्मक तत्वहरु विचमा सन्तुलन हुनु पर्छ , व्यक्तिलाई कृतज्ञता र सहयोग गरी अरुलाई असर नपार्ने गरी व्यवस्था गरिनु पर्दछ जस्तो विद्यार्थीको व्यक्तिगत अनुभवलाई सामाजिक समुहसँग अन्तरक्रिया गराउँदा एकले अर्काको भावनामा चोट पुऱ्याउने विषयहरुलाई कम गराउनु पर्छ जोड दिनु भएको थियो । सामाजिक न्याय शिक्षाको द्विविधालाई समाधान गर्न कक्षाकोठा भित्र सामाजिक सम्वन्धमा ध्यान दिनु पर्छ भनि उल्लेख गर्नु भएको थियो । विद्यार्थी कन्द्रित सिकाईका लागी प्रतिविम्वित तथा अनुभवलाई एउटा साधनको रुपमा उपयोगमा ल्याउनु पर्छ । सिकाई प्रक्रियाको लागी सर्तकताको मूल्य, व्यक्तिगत वृद्धि तथा परिमाणमुखि परिर्वतनमा जोड दिनु पर्छ भनि जोड दिएको छ ।

समुदायका वालवालिकाले विद्यालय शिक्षा प्राप्त गर्ने अवसरको लागी विभिन्न कारक तत्वहरुको अहम भुमिका रहेको हुन्छ । सर्वप्रथम त लक्षित समुहका वालवालिकालाई विद्यालय जाने उमेर भए पछि उनिहरुलाई विद्यालयलमा भर्ना हुन कठिन र विद्यालयमा पुगि सके पछि विद्यालयमा गुणस्तरिय शिक्षा प्राप्त गर्न विद्यालयमा टिकि रहने अर्को चुनौतिको रुपमा रहेको छ । आफ्नो परिवारको वुवा आमा, अभिभावकको शैक्षिक अवस्थाको कारण प्रमुख भुमिका खेलेको हुन्छ आफ्ना वालवालिकालाई उनिहरुको शारिरीक तथा मानसिक विकास संगै चौतर्फी विकास गराउन विद्यालय शिक्षा प्राप्त हनु पर्दछ जसको लागी आफ्नो वालवालिका विद्यालय पठाउनु पर्छ भनि सचेतता हुनु पर्दछ ।

समुदाय तथा समाजका सामाजिक व्यक्तित्व तथा  समाजमा शिक्षा प्रतिको सचेतता सामाजिक र राजनैतिक सचेतनाको अवस्थाले पनि विद्यालयमा वालवालिकाको विद्यालय पुग्ने र शिक्षा प्राप्त गर्ने विषयलाई निर्धारण हुन्छ । समाजका वहुसंख्यक घर परिवारमा भएको वालवालिकाको अवस्थाले विद्यालयमा वालवालिका भएको अवस्थामा अन्य परिवारको घरपरिवारका वालवालिकालाई पनि विद्यालयमा सम्म प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव

पारेको हुन्छ जसवाट वहुसंख्यक घरपरिवारको वालवालिका विद्यालय सम्म पुगेका अवस्थाले अन्य वालवालिकाको अवस्था भएमा अन्य परिवारका अभिभावक तथा वालवालिकालाई पनि विद्यालय सम्म पुग्न सहयोग पुग्दछ ।

व्यक्तिको दैनिक आवश्यकता पुरा गर्न परिवारको आर्थिक अवस्थाले पनि निर्धारण गर्दछ जव घरपरिवारको सदस्य रोजगारीमा आवद्ध भएको हुन्छ वा घरपरिवारको सदस्यले व्यवसाय सञ्चालन गरेको अवस्थामा घरपरिवारको वालवालिका र अन्य सदस्यको आधारभुत आवश्यकता पुर्ति हुने अवस्था सिर्जना हुन्छ तसर्थ वालवालिका विद्यालय सम्म पुग्ने अवस्था र शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्न सहयोग गर्छ ।

वालवालिकाले आफ्नो घरवाट विद्यालयसम्म पुग्न यातायातको साधन दैनिक प्रयोग गर्दा धान्न नसक्ने र लाग्ने समयले वालवालिकाको घर देखी विद्यालय सम्मको भौगोलिक दुरता तथा भौगोलिक कठिनाईले विशेषत विद्यालय प्रवेश उमेर समुहका वालवालिका र अन्य उमेर समुहका विद्यार्थी विद्यालय शिक्षाको प्रवाहमा समाहित हुने अथवा भए पनि विद्यालय छोड्ने दर वढ्ने कारक तत्वको रुपमा रहेको हुन्छ । वालवालिका विद्यालयमा पुग्न लाग्ने समय कम वा विद्यालय सम्मको दुरी कम भएमा वालवालिकालाई शारिरीक तथा मानसिक तवरवाट तयार हुने हुदा विद्यालय वाहिर रहने अवस्था कम हुन्छ । वालवालिकालाई विद्यालय पुग्न समय धेरै लाग्ने, भौगोलिक रुपमा कठिन भएमा वाटोमा ठुलो जंगल, वाटोघाटो ,सडक वाालमैत्री नभएमा वालवालिकाको मानसिक रुपमा तयार हुदैनन् जसले गर्दा वालवालिका विद्यालय वाहिर रहने सम्भावना वढ्छ । विद्यालय प्रवेश उमेर समुहका वालवालिकाले कठिन श्रम गर्न सक्ने वा लामो दुरीको यात्रा गर्ने शारिरीक श्रम गर्न सक्ने गरी शारिरीक विकास भएको हुदैन तसर्थ लामो दुरी यात्रा गरेर विद्यालय पुग्ने अवस्था न्युन हन्छ ।

वालवालिकाको घरपरिवार तथा समाजले अगाल्दै आएको साँस्कृतिक चालचलन, रिति रिवाज, चाडपर्व, परम्परा र संस्कृतिले प्रत्यक्ष प्रभाव वालवालिकारुमा पर्दछ । वालवालिकाहरु हुर्कि रहेको समाजको साँस्कृतिक अवस्थाले विद्यालयमा गएर शिक्षा प्राप्त गर्ने विषयमा सकारात्मक धारण वा सन्देश नभएको अवस्थामा वालवालिका विद्यालय क्षेत्र वाहिर रहने संभावना रहन्छ । विद्यालयमा छोरा र छोरी दुवैलाई पठाउनु पर्ने साँस्कृतिक उदारता भएको समाजकाका वालिकाहरु विद्यालय शिक्षामा समाहित हुन्छन् ।

वालवालिकाको अभिभावकले प्राप्त गरेको शैक्षिकको उपलव्धि अथवा शैक्षिक सचेतताको अवस्थाले प्रत्यक्षरुपमा आफ्नो वालवालिकाको शिक्षामा प्रभाव पारेको हुन्छ ।

परिवारको सदस्य वा अभिभावकले शिक्षाको महत्व समय सापेक्षरुपमा वुझ्केको हुन्छ र वालवालिकाले विद्यालय शिक्षा प्राप्त गर्न सक्ने वलियो आधार वन्छ । परिवारले शिक्षाको विश्व परिवेसमा महत्व र आवश्यकतालाई मनन् गरी वुझ्केको हुन्छ ति परिवारको वालवालिकाले शिक्षा प्राप्त गर्ने अवसर र शैक्षिक सहभागीता वृद्धि गर्दछ ।

यस शोधकार्यले झापा जिल्लाको प्राथमिक विद्यालयका दलित विद्यार्थीहरूले विद्यालय छाड्ने कारणहरूलाई विद्यालयमा प्रवेश गराई उनीहरूलाई विद्यालयमा नै टिकाइ राख्न र बालबालिकाहरूको सहभागिता वृद्धि गर्न विभिन्न दृष्टिकोणहरू प्रस्तुत गर्नु भएको छ । सहभागिता, नियमितता र स्थायित्वको सट्टा बीचैमा विद्यार्थीहरूद्वारा विद्यालय छाड्ने कारणहरूलाई बुँदागत रूपमा केलाउनु भएको छ । जनचेतनाको कमी, अज्ञानता, अशिक्षाको कारणले मानिसहरूमा जातपात, छुवाछुत, धनी, गरिब, ठूलो, सानो, पानी चल्ने, नचल्ने जस्ता कुसंस्कारहरूले समाजलाई ग्रस्त पारेको कारणले कक्षा छाड्ने, विद्यालयमा भर्ना नै नहुने जस्तो समस्या वृद्धि भएको कुरा उल्लेख गर्नुभएको छ (शिवाकोटी, २०६२)

शिक्षा ज्ञानको पहिलो खुड्किलो हो । शिक्षा मानिसको इज्जत प्रतिष्ठा प्राप्त गर्ने आधार हो । शिक्षा प्राप्त गर्नका लागि विद्यालय जानुपर्छ । सुन, चाँदी, हिरा, मोती, रूपैया-पैसा धेर थोर जसका घरमा पनि पाइन्छ, पाउन सकिन्छ तर शिक्षा जहाँसुकै पाउन सकिदैन । त्यसैले शिक्षा प्राप्त गर्नका लागि विद्यालयमा जानु पर्छ, बालबालिकालाई विद्यालय पठाउनु पर्छ । विद्यालयमा शिक्षक, अभिभावक विद्यार्थीहरूको एउटा परिवार हुन्छ । एउटा प्रतिभावान विद्यार्थी देशको सम्पत्ति हो (भण्डारी, २०७५)

**अध्ययनको सैद्धान्तिक खाका**

मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन्, त्यसको परिपूर्ति पश्चात पनि अन्य थप इच्छा, आवश्यकता र चाहना भई रहन्छन् । मानिसका कुनै चाहना पूरा हुन्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन । यसरी एक तहको आवश्यकता पूरा हुनासाथ तुरुन्त अर्को तहको आवश्यकताको महसुस हुन्छ । उनको सिद्धान्तमा मानिसलाई काममा उत्प्रेरित गर्ने उनीहरूका आवश्यकता हो भन्ने चिन्तन पाइन्छ । मानिस असन्तुष्ट प्राणी हो । मास्लोको अभिप्रेरणाको सिद्धान्तले सर्वप्रथम गाँस, वास र कपासको आवश्यकताको महसुस गरेकोले र विद्यालयमा अध्ययनरत बालबालिकामा अधिकांश बालबालिका गरिबी, कापी कलमको समेत अभाव, समयमा खान नपाउने जस्ता समस्याहरूले गर्दा विद्यालयमा भर्ना नहुने, भइहाले पनि बीचैमा कक्षा छाड्ने दरमा वृद्धि

हुने, आमाबाबु काममा जाने भएकाले बालबालिकाको हेरचाह राम्रो नहुने, उनीहरूलाई अध्ययनका लागि समय नमिल्ने, कामबाट फर्किएपछि पनि अभिभावकहरू मादक पदार्थको सेवन गर्ने र होहल्ला गर्ने जस्ता समस्या भएकाले प्रस्तुत अध्ययनले यस सिद्धान्तसँग मेल खाएको पाइन्छ (मास्लो, १९४३)

मानिसको आधारभूत आवश्यकताको परिपूर्ति नभएसम्म अन्य तहको आवश्यकता महसुस नहुने कुरा स्पष्ट हुन्छ । त्यसैले यस अध्ययनमा भूमिहीन सुकुम्बासी परिवारको पहिलो आवश्यकता मजदुरी गर्ने र विहान वेलुकाको गाँस टार्ने समस्या देखिएकोले प्रस्तुत अध्ययनसँग यस सिद्धान्तले मेल खाएको पाइन्छ ।


कार्ल मार्क्स (१८१८-१८८३) का अनुसार उत्पादन सम्बन्धले द्वन्द्वको सृजना गराउँछ । सामन्वादी वर्गले पसिना नचुहाएर सर्वहारको कमाइ हडप्न खोजेमा दुई वर्गबीचमा द्वन्द्व अवश्य पनि उत्पन्न हुन्छ । सर्वहारा न्याय पाउन आन्दोलन चर्काउछ भने सामन्तीले अन्यायलाई कायम राख्न निहुँ खोज्ने गर्दछ । उत्पादन सम्बन्ध न्यायपूर्ण भयो भने द्वन्द्वको स्थिति कम हुन्छ । सम्बन्ध अन्यायमा आधारित भयो भने द्वन्द्व झनझन चर्कने गर्दछ । द्वन्द्व चर्कियो भने अझ सर्वहारा र सामन्ती वर्गका बालबालिकाहरूमा पनि एकापसमा द्वन्द्व सिर्जना हुन्छ । उनीहरूमा मितव्ययीताको अभावमा दिन प्रतिदिन सामन्ती र सर्वहारा वर्गको दुरी टाढा हुँदै जान्छ (वाग्ले र कार्की, २०५९ बाट उद्धृत) ।

## पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययनले विद्यालयका सरोकारवालाहरूको आफ्ना बालबालिका र विद्यालय प्रति चासो बढ्ने, अभिभावकहरूले बालबालिकालाई नियमित विद्यालय पठाउन कोशिश गर्ने, विद्यालयका प्र.अ., शिक्षक, ब्यवस्थापन समितिलाई बीचैमा बालबालिकाले कक्षा छोड्दा हुने नोक्सानीका वारेमा थाहा भई त्यसको सुधारको बाटोमा वढी भन्दा बढी ध्यान जाने भएकोले र खासगरी शैक्षिक, गुणस्तरको बाटोमा महत्वपूर्ण सहयोग पुग्नजाने भएकोले यो अध्ययन गरिएको हो । यस अध्ययनले अभिभावकका लागि आफ्ना नानीहरूलाई विद्यालय नियमित पठाउन, उनीहरूलाई स्वालम्बी र दक्ष बनाउन सहयोग पुऱ्याउने देखिन्छ । वि.ब्य.स. र शि.अ.सं. जस्ता आधिकारिक अनुगमन, निरिक्षण गर्ने निकायहरूलाई आफ्ना विद्यालयका बालबालिकाको स्तर अवस्था, उर्तीण दर, कक्षा दोहोऱ्याउने दर, कक्षा छोड्ने दर, नियमितता लगायतका अवस्थाहरूको समेत जानकारी हुनगई समयमै त्यसको नियन्त्रण रेखदेख गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**अवधारणात्मक खाका**

प्रस्तुत अध्ययनको अवधारणात्मक खाका तल समावेश गरिएको छ ।




माथि उल्लेखित अवधारणात्मक खाका अन्तर्गत भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरुको विद्यालयमा सहभागितासँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने हुनाले संक्षिप्त रुप विश्लेषण गरिएको छ । राजनैतिक दलहरुले पनि जनताको मनोभावना बुझेर काम गर्नु पर्दछ । समाजको समतामूलक विकासको लागि शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार, आर्थिक विकास र मानव अधिकारको ग्यारेन्टि गर्नु पर्दछ । समतामूलक समाजको निर्माण भएन भने समाजमा विभिन्न विकृतिहरु आउन सक्दछ । त्यसैले गर्दा स्थानीय राजनैतिक दलहरुले पनि भूमिहीन सुकुमबासी समुदायका बालबालिका विद्यालय सहभागितामा ध्यान दिन जरुरी छ । नेपालको संविधानले व्याख्या गरे अनुसार स्थानीय तह भन्नाले नगरपालिका र गाउँपालिकालाई बुझाउँदछ । स्थानीय सरकार भन्नाले जनताले प्रत्यक्ष रुपमा निर्वाचित गरेको जनप्रतिनिधिले स्थानीय तहमा शिक्षाको विकासको र विद्यालय शिक्षा स्थानीय तह अन्तर्गत भएकोले बालबालिकाहरुको शैक्षिक सहभागिता ठूलो भूमिका खेल्न सक्दछन् । भूमिहीन सुकुम्बासी बालबालिकाहरुको शैक्षिक सहभागिता बढाउन विभिन्न किसिमका योजना तथा परियोजनाहरु स्थानीय तहले सञ्चालन गर्न सक्दछ । त्यसै गरी नागरिक समाजले पनि शैक्षिक सहभागिता बढाउन अभिभावक तथा विद्यार्थीहरुसँग अन्तरक्रिया गर्न सक्दछ । विद्यालय नगएका तथा गएर पनि बिचैमा छाडेका बालबालिकाहरुको लागि चेतनामूलक कार्यक्रमहरु गर्न सक्दछ । बालबालिकाहरुको शैक्षिक सहभागिता बढाउन स्थानीय सरकारले आवश्यक परेको बेला प्रत्यायोजित अधिकारको आधाारमा विभिन्न किसिमको शैक्षिक नीति बनाउन सक्दछ । भूमिहीन सुकुम्बासी बालबालिकाहरु पनि समाजकै सदस्य भएकोले गर्दा सामाजिक संघ संस्थाले प्रत्यक्ष तथा

अप्रत्यक्ष रुपमा विद्यालयमा सहभागिता बढाउन मदत गर्न सक्दछन् । त्यसै गरी विद्यालयहरुले पनि विद्यार्थी किन विद्यालय आएन, नआउनुका कारणहरु खोजी गरि समाधान गर्नु पर्दछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयले कक्षा छोड्नुका कारणहरुको खोजी गरि दिर्घकालीन रुपमा समस्याको समाधान गरी विद्यालयमा सहभागिता बढाउनु पर्दछ ।

# परिच्छेद तीनः अनुसन्धान विधि

## अनुसन्धान ढाँचा

कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याको क्रमागत रूपमा मापन गरिएका वा शाब्दिक रूपमा सङ्कलन गरिएका असांख्यिक तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ" (खनाल, २०६२ः १०) । प्रस्तुत अध्ययनमा सूचनाहरूलाई मिश्रित अनुसन्धान ढाँचाका आधारमा अगाडि बढाइएको छ ।

## अध्ययनको जनसङ्ख्या र नमुना छनौट

भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता शीर्षकको शोधपत्र कोशी प्रदेश अन्तर्गत सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ११ को सिमाना चौकका आधारभूत तहमा अध्ययन गर्ने विद्यालय उमेरका बालबालिकाकासँग सम्बन्धित रहेको छ । घरधुरी ९० रहेका छन् भने ती घरधुरीमा ३४८ जनसंख्या दलित ३० प्रतिशत, जनजाति ४५ प्रतिशत, ब्राह्मण क्षेत्री (अन्य) २० प्रतिशत र मधेसी ५ प्रतिशत रहेका छन् । उक्त घरधुरीबाट ५० प्रतिशत अर्थात् ४५ घरधुरीलाई नमुना छनौटको रूपमा राखिएको छ । छनोट गरिएका घरका अभिभावक, बालबालिका एवम् अन्य सम्बन्धित व्यक्तिहरूसंग छलफल, प्रश्नावली, अन्तर्वार्ता, सहभागितामूलक अवलोकन आदिको आधारमा अध्ययनलाई पूर्णता दिइएको छ ।

नमुना आकारका रूपमा ४५ वटा घरधुरीका ४५ जना अभिभावक, २० जना विद्यालय गएका बालबालिका, २० जना विद्यालय नगएका बालबालिका, २० जना बीचैमा कक्षा छोडेका बालबालिका गरी ६० जना बालबालिका, प्र.अ. ४ जना, शिक्षक ८ जना, विद्यालय ४ वटा, अन्य सम्बन्धित व्यक्तिहरू ५ जनालाई नमूनाको रूपमा छनोट गरी अध्ययनलाई पूर्णता दिइएको छ । यसका साथै अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी प्राप्त तथ्याङ्कको अनुसन्धान गरिएको छ ।

## तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरू दुई किसिमका रहेका छन् ।

**प्राथमिक स्रोत**

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोतको रूपमा अन्तर्वार्ता, अनुसूची प्रश्नावली र स्थलगत सर्वेक्षण फाराम जस्ता साधनहरुको प्रयोग गरिएको छ ।

**सहायक स्रोत**

प्रस्तुत अध्ययनका लागि सहायक स्रोतको रूपमा विद्यालय तथा सम्बन्धित व्यक्तिहरूसंग भएका तथ्याङ्क, अनुसन्धानात्मक लेख, रचना, पुस्तकहरू, प्रतिवेदनहरू, उपमहानगपालिकाको शिक्षा शाखा, विभिन्न पत्रपत्रिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

**अनुसन्धानका साधनहरू**

प्रस्तुत "भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता" शीर्षकको अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनहरूको उपयोग गरिएको छ ।

**अन्तर्वार्ता अनुसूची**

प्रस्तुत शोधकार्य पूरा गर्न प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, पालिका शिक्षा प्रमुख तथा अन्य सम्बन्धित व्यक्तिसँग अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्तामा उनीहरूका राय, सुझाव, विचारहरू सङ्कलन गरिएको छ । प्रश्नावली अनुसूची १ मा राखिएको छ ।

**प्रश्नावली**

प्रस्तुत शोधकार्यलाई भूमिहीन सुकुम्बासी बालबालिका, तिनका अभिभावक, शिक्षक आदि समक्ष अन्तर्वार्ता प्रश्नावली निर्माण गरी उनीहरू स्वयम्बाट भराइएको छ । प्रश्नावली अनुसूची २ मा राखिएको छ ।

**स्थलगत सर्वेक्षण फाराम**

प्रस्तुत अध्ययन धरान उपमहानगरपालिका वडा नं. ११ को सिमाना चोकको स्थलगत सर्वेक्षण, विद्यालयको स्थलगत सर्वेक्षण गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । फारामलाई अनुसूची ३ मा राखिएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि अन्तर्वार्ता, अनुसूची, प्रश्नावली तथा स्थलगत सर्वेक्षण, फारामको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ११ को सिमाना चौकका आधारभूत तहमा अध्ययन गर्ने विद्यालय उमेरका बालबालिकाकासँग सम्बन्धित रहेको यो अध्ययन अनन्तज्योति आधारभूत, ज्ञानोदय मा.वि., घोपा मा.वि., पञ्चकन्या मा.वि. गरी चारवटा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई प्रश्नावली, भराई शैक्षिक सहभागिता सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ। यसैगरी स्थलगत सर्वेक्षण फारामलाई अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्र तथा विद्यालयमा भरिएको छ।

## तथ्याङ्कको विश्लेषण प्रक्रिया

भूमिहीन सुकुम्बासी बालबालिकासँग सम्बन्धित शोधकार्य गर्ने क्रममा स्थलगत सर्वेक्षण प्रत्यक्ष भेटघाट, प्रश्नावली, छलफल आदिको माध्यमबाट प्राप्त गरिएका सूचना तथा तथ्याङ्कहरूलाई गुणात्मक विधि अपनाई व्याख्या, विश्लेषण गरिएको छ। अध्ययनसंग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूलाई अवश्यकताअनुसार तालिकीकरणको प्रयोग गरी विश्लेषण गरिएको छ। यसका लागि सङ्ख्यात्मक र गुणात्मक विधिको प्रयोग गरिएको छ।

# परिच्छेद चारः नतिजाको छलफल

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि प्रश्नावली, उपमहानगरपालिकाको शैक्षिक दस्तावेज जस्ता साधनहरू प्रयोग गरेर खोज अनुसन्धान गरी प्राप्त नतिजालाई यस परिच्छेदमा व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ ।

## भूमिहीन सुकुम्बासी बालबालिकाको आधारभूत (१-५) तहमा सहभागिता

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ । स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धान अनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ (प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ।

सुनसरी जिल्लाको धरान उपमहानगरपालिका वडा नं. ११ मा अवस्थित सिमाना चोक पिछडिएको वस्तीभित्र पर्दछ । सम्पूर्ण जाति मिश्रित यस बस्तीमा गरिबी र विपन्नताले ग्रसित पारेको छ । आर्थिक तथा सामाजिक हिसाबले पछाडि परेको क्षेत्र भएकाले बालबालिका किन विद्यालयमा भर्ना हुँदैनन् ? किन नियमित विद्यालय जाँदैनन् ? किन, कसरी विद्यालय छाड्छन् ? भन्ने सेरोफेरोमा रही यो अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि विभिन्न साधनहरूको प्रयोग गरि प्राप्त भएका सत्य तथ्य तथ्याङ्कहरूलाई विभिन्न उप-शिर्षकमा विभाजन गरि प्रस्तुति ब्याख्या विश्लेषण गरिएको छ । भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरू आधारभूत तहभन्दा बाहिर हुने कारणहरूमा शैक्षिक कारण, आर्थिक कारण, ब्यक्तिगत कारण, घरायसी कारण, लैङ्गिक

कारण आदि देखिन्छन् । विद्यालयमा निःशुल्क शिक्षा नपाइनु, पढाइ राम्रो नहुनु, पर्याप्त मात्रामा महिला शिक्षकको व्यवस्था नहुनु, परीक्षा दिने अवसर नपाउनु, शिक्षकबाट राम्रो व्यवहार नपाउनु जस्ता शैक्षिक कारणहरू देखिन्छन् भने विद्यालयले लिने भर्ना शुल्क, परीक्षा शुल्क, कापी, किताब दिन नसक्नु, आर्थिक कारण अर्न्तगत पर्दछ । त्यसैगरी विभिन्न दुर्घटनाबाट अपाङ्ग हुनु, अभिभावक नहुनु, साथी संगतको कुलतमा पर्नु, सानैमा विवाह हुनु, घरको काम गर्नुपर्ने वाध्यता हुनु जस्ता विविध समस्याका कारणले बालबालिकाहरू विद्यालयमा भर्ना नै नहुने, कतिपयलाई बाबुआमाले नपठाउने, विद्यालय गए पनि नियमित नजाने र बीचैमा कक्षा छोड्ने गरेको देखिन्छ ।

**आधारभूत (१-५) तहको विद्यार्थी विवरण**

बलबालिकाहरुलाई आधारभूत तहमै अनौपचारिक नागरिक शिक्षामा जोड दिइने कुरा धरान उपमहानगरपालिकाको धरान राजपत्र भाग १ मा उल्लेख गरिएको छ । प्रस्तुत अध्ययन प्रदेश नं. १ मा पर्ने सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ११ सिमाना चोकमा बसोबास गर्ने बालबालिकाको आधारभूत तहको विद्यार्थी विवरण तल व्यख्या गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाहरूको विद्यालय भर्नामा बढ्दो अवस्था रहेको पाइयो । २०७६ सालको भन्दा २०७८ सालको विद्यार्थी सङ्ख्या आधारभूत तहको कक्षा १, २, ३, ४ र ५ मा क्रमश : ४०, २०, ६, ८र १२ ले वृद्धि भएको पाइयो । त्यसैगरी परीक्षामा सम्मिलित हुने विद्यार्थीहरूमा कक्षागत रूपमा ४५, १३, १५, २ र ४ ले वृद्धि भएको पाइयो । कक्षा छाड्ने अवस्था हेर्दा २०७६ मा भन्दा २०७७ मा कक्षा आधारभूत तहको १ मा ५ जनाले कम कक्षा छोडेको पाइयो । कक्षा २ मा ७ जनाले बढी कक्षा छोडेको पाइयो । कक्षा ३ मा ९ जनाले कम, कक्षा ४ मा ६ जनाले वढी र कक्षा ५ मा ८ जनाले वढी कक्षा छोडेको पाइयो ।

**परिवारको किसिम अनुसार विद्यालयमा सहभागिताको स्थिति**

नेपाल राजनीतिक, सामाजिक तथा शैक्षिक रूपान्तरणतर्फ उन्मुख भइरहेको छ । सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षा कार्यक्रम अवधि पूरा भएर दिगो विकास लक्ष्यका नयाँ कार्यपद्धति परिभाषित भइसकेको वर्तमान परिप्रेक्ष्यमा मुलुकले नेपालको संविधान अनुसार आगामी दिनहरूमा संघीयता लगायतका महत्वपूर्ण सुधार तथा पुनर्संरचना गर्नुपर्ने अवस्था रहेको छ । यस परिप्रेक्ष्यमा दिगो विकास लक्ष्यले निर्धारण गरेका नतिजा

हासिल गर्नका लागि विगतका उपलब्धिहरूको संरक्षण गर्दै सबैका लागि न्यूनतम गुणस्तरयुक्त शिक्षामा पहुँच सुनिश्चित गर्ने तथा मुलुकमा विद्यमान विविधताका आकांक्षा एवम् आवश्यकता अनुकूल सुदृढ शिक्षा प्रणालीको अहम् महत्व रहन गएको छ :-

नेपालको संविधानले नीति र नियमनकारी ढाँचा लगायत संरचनागत तथा कार्यमूलक सुधार सहित समग्रतामा परिमार्जित र परिष्कृत शिक्षा प्रणालीको माग राख्दछ । यसले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गर्नुका साथै संघीय, प्रान्तीय र स्थानीय तहका लागि शिक्षा र शिक्षाका अधिकारका सम्बन्धमा निर्देशक सिद्धान्त प्रतिपादन गरेको छ । शिक्षा ऐन २०२८ को आठौँ संशोधनले शैक्षिक संस्थाहरू बीच समन्वय र मेल सुनिश्चित गरेको छ साथै नयाँ संविधानको भावना अनुसार सुधार गर्नका लागि मार्गप्रशस्त गरेको छ । नमुना अध्ययनमा परेका सुकुम्बासी समुदायका बालबालिकाहरूको परिवारको किसिम अनुसार विद्यालयमा सहभागिताको स्थितिको विवरण तलको तालिकामा देखाइएको छ ।

आफ्नो नाम लेख्न सक्ने वा सामान्य पत्रपत्रिका, होलिङ बोड वा कखरा चिन्नेलाई राखिएको छ । भूमिहीन सुकुम्बासी बालबालिकाका आमावावुको साक्षरता मात्र हेरिएको छ । यसमा पनि आमावावु दुवै साक्षर, दुवै निरक्षर, वावुमात्र साक्षर र आमामात्र साक्षर गरी चार समुहमा विभाजन गरी उनीहरूको बालबालिकाको विद्यालयमा भर्ना दरको वर्णन गरिएको छ : अभिभावकको साक्षरताको आधारमा बालबालिकाको विद्यालय भर्ना हेर्दा अभिभावकको साक्षरता अवस्थामा आबाबाबु नै साक्षर हुने २९ घर परिवारको पाइयो । उक्त घर परिवारमा आधारभूत तह (१-५) मा पढ्ने उमेरका बालबालिकाहरू ५४ जना रहे पनि विद्यालय विद्यालय भर्ना भएका बालबालिकाहरू ४० जना मात्र रहेका छन् । त्यस्तै आमाबाबु नै निरक्षर घरधुरी १० रहेको पाइयो भने उक्त घरमा २४ जना विद्यालय उमेरका बालबालिका भए पनि १६ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । त्यस्तै बाबु मात्र नै साक्षर हुने १० घर रहेका र २४ जना बालबालिका रहे पनि १६ जना बालबालिका मात्र विद्यालय भएको पाइयो भने आमा मात्र साक्षर हुने ४ रहेका छन् । तिनीहरू ४ जना विद्यार्थी रहेको र ती विद्यार्थी सबैजना विद्यालय जाने गरेको पाइयो ।

**भूमिहीन सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको शिक्षामा संलग्नता**

प्राचीन पूर्वीय परम्पराअनुसार महाभारत र रामायणकालमा गृहस्थ व्यक्तिहरूका लागि परिवारकै अग्रजहरूद्धारा गृहस्थ धर्म, कर्मकाण्डसम्बन्धी शिक्षा दिने गरिन्थ्यो। यस अर्थमा पूर्वीय दर्शनमा प्राचीन कालदेखि नै शिक्षण कार्यमा अभिभावकहरूको संलग्नता रहेको देखिन्छ । शिष्यहरूले गुरुकुलमा बसेर मानव जीवनका चार आश्रम (ब्रम्हचार्यश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्यासाश्रम) का बारेमा अध्ययन गर्दथे । गृहस्थ जीवनमा पनि पूजा पाठ, यज्ञ, दान, जप इत्यादि माध्यमहरूको अवलम्बन गरी अभिभावकले बच्चालाई शिक्षित गर्दथे । आधुनिककालीन अभिभावक शिक्षा अवधारणाको विकासको प्रस्थान विन्दु कारखाना प्रणाली हो (पोखरेल, २०७८) ।

परापूर्वकालदेखि नै शिक्षा विकास भए पनि गरिबी, अभाव र अशिक्षाका कारण भूमिहीन सुकुम्बासी बन्न पुगेका छन् । भूमिहीन सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको विद्यालयमा संलग्नता रहेको पाइयो । परिवारको जिम्मेवार व्यक्ति जसको कमाइ नै परिवारको मुख्य आम्दानीको स्रोत हो । शिक्षक, सेना, प्रहरी, सरकारी वा निजी कम्पनीहरूको कर्मचारी, घर बनाउने, ढुङ्गा कुट्ने (गिटी), बस, ट्रक चलाउने, ज्यामी काम गर्ने, काठको काम जस्ता ज्याला मजदुरीहरू रहेका छन् , जसलाई तल वर्णन गरिएको छ ।

भूमिहीन सुकुम्बासी अभिभावकको पेशागत विवरण हेर्दा ज्याला मजदुरी गर्ने ३० घरधुरी रहेका छन् । ती घरमा आधारभूत तह (१-५) मा विद्यालय जाने उमेरका ६० जना बालबालिका भए पनि बिहानी आमाबाबु नै ज्याला मजदुरी गर्ने भएकाले ४० जना मात्र विद्यालय जान सफल रहेका छन् । त्यस्तै गिटी कुट्ने ७ घर मा १४ जना विद्यार्थीहरू रहेका छन् भने ११ जना मात्र विद्यालय जान सफल भएका छन् । त्यस्तै व्यापार व्यवसाय गर्ने घर परिवार ३ वटा रहेका छन् । ती घरहरूमा ८ जना बालबालिका रहेको र ८ जना नै बालबालिका विद्यालय जान सफल रहेको देखिन्छ । त्यस्तै नोकरी गर्ने ३ घर परिवार रहेको पाइयो । जसमा ३ जना बालबालिका रहेको र ३ जना नै विद्यालय जान सफल भएका छन् ।

समग्रमा हेर्दा ज्याला मजदुर गर्ने बाबुआमाले आफ्ना छोराछोरी पनि सडकमा झाडु लगाउन, शौचालय सफा गर्न, फोहोर उठाउन लाने गरेका कारण विद्यालय जान सकेका छैनन् भने गिटी कुटेर जीविकोपार्जन गर्ने अभिभावकले पनि बालबालिकालाई ध्यान दिन

नसक्दा केटाकेटी गिटी नै कुटिरहेको देखिन्छ भने नोकरी गर्ने, व्यापार गर्ने र वैदेशिक रोजगारीमा गएकाहरूले आफ्ना छोराछोरीलाई सही शिक्षा दिन सफल भएको देखिन्छ ।

**भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारणहरू**

धरान उपमहानगरपालिका वडा नं. ११ को सीमाना चोकमा बसोबास गर्ने भूमिहीन सुकुम्बासी बालबालिकाहरूको शैक्षिक सहभागिता, क्षमता विकास, नेतृत्व विकास लगायतका क्रियाकलापमा उनीहरूको सहभागिता बढाउने प्रतिबद्धता नगरपालिकाले लिए पनि नमुना छनोटमा परेका बालबालिकाहरू शिक्षाको ज्योतिबाट अलग भएको अवस्था छ । भूमिहीन सुकुम्बासी बालबालिकाहरु विद्यालय नजाने कारणहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**आर्थिक कारण**

प्रस्तुत अध्ययनका लागि छानिएको धरान उपमहानगरपालिकामा रहेका चारवटा विद्यालयहरू श्री ज्ञानोदय मा.वि., श्री घोपा मा.वि., श्री पञ्चकन्या मा.वि. र श्री अनन्त शिक्षा ज्योति आ.भू. (१-५) मा गरिएका अध्ययन अनुसार विद्यार्थीहरु भर्ना नहुनुको एउटा कारण आर्थिक कारण पनि हो । भूमिहीन सुकुम्बासी बालबालिकाहरु मध्ये ४२.८५% भर्ना नहुनुको कारण आर्थिक कारण रहेको सरोकारवालाहरुले वताएका थिए ।

**शैक्षिक सामग्रीको अपर्याप्तता**

अध्ययन गरिएका विद्यालयहरुमा शिक्षक, अभिभावक तथा सरोकारवालाहरुले बताए अनुसार १४.२८% भूमिहीन सुकुम्बासी बालबालिकाहरुले शैक्षिक सामग्रीको अपर्याप्त भएको कारणले विद्यालय छाडेको पाइयो ।

**निरन्तर असफल हुनु**

विभिन्न कारणले विद्यालयमा अध्ययन गर्दा एउटै कक्षामा निरन्तर असफल हुदा ६.१४% विद्यार्थीहरुले विद्यालय छोडेको पाइयो ।

**सामाजिक कारण**

हाम्रो समाज बहु-भाषिक, बहु-जातीय, बहु-सांस्कृतिक तथा बहु-धार्मिक पनि हो । विद्यालयमा अध्ययन गर्न आउने तिनै समाजका बालबालिकाहरु हुन् । भूमिहीन सुकुम्बासी

बालबालिकाहरुलाई अन्य बालबालिकाहरुले विभिन्न आधारमा होच्याउने, गिज्याउने अनि फरक व्यवहार गर्ने हुदा ७.१४% ले विद्यालयमा नभएको वा कक्षा छोडेको पाइयो ।

**चेतनाको कमि**

अधिकांश भूमिहीन सुकुम्बासी बालबालिकाहरुका अभिभावकाहरुमा चेतनाको कमि हुनाले शिक्षाको महत्व थाहा हुदैन । आफ्नो बालबालिकाहरुलाई विद्यालय पढाउनुको सट्टामा घरायसी काममा लगाउने, श्रमिकका रुपमा प्रयोग गर्ने अन्य आय आर्जन आदि काममा लगाउने हुनाले ७.१४% ले कक्षा छोडेको पाइयो ।

**शिक्षकको भेदभावपूर्ण व्यवहार**

भूमिहीन सुकुम्बासी बालबालिकाहरुलाई शिक्षकले विभिन्न आधारमा भेदभावपूर्ण व्यवहार गर्नाले पनि विद्यालय नजाने अनि केहि कक्षासम्म अध्ययन गरे पनि बिचैमा विद्यालय छोडेको देखिन्छ । यसरी विद्यालयमा तथा कक्षा कोठामा शिक्षकले गर्ने भेदभावपूर्ण व्यवहारले विगतमा विद्यालय छोडे पनि हाल त्यस कारणले नै विद्यालय छोडनु परेको भूमिहीन सुकुम्बासी बालबालिकहरु भेटिएन ।

**भौतिक सुविधाको अभाव**

विद्यालयमा भौतिक सुविधाहरुको अभाव भयो भने पनि बालबालिकहरु विद्यालय छाड्ने वा टाढाको अन्य विद्यालयमा जाने गर्दछन् । अध्ययन क्षेत्रमा रहेका ४ वटा विद्यालयहरुमा रहेका ७.१४% भूमिहीन सुकुम्बासी बालबालिकाहरुले विचैमा विद्यालय छाडेको पाइयो ।

**घरायसी कारण**

भूमिहीन सुकुम्बासी बालबालिकाहरुका अभिभावकहरु अधिकांश ज्याला, मजदुरी गरेर आफ्ना आधारभूत आवश्यकताहरु पूरा गर्ने हुनाले दैनिक काममा जानु पर्ने तथा घरमा तथा कोठामा साना भाईबैनीहरु हेर्नु पर्ने खाना बनाउनु पर्ने आदी कारणले पनि माथिल्ला कक्षाहरुमा भर्ना नभएको विद्यार्थीको संख्या १४.२८% पाइयो ।

**भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा**

धरान उमहानगरपालिका वडा नं. ११ मा अवस्थित सीमाना चोकमा रहेका आधारभूत (१-५) तहमा अध्ययन गर्ने उमेर समुहका बालबालिकाका अभिभावकहरूमध्ये

नमूनामा परेका २० अभिभावकबाट उनीहरूका छोराछोरीले विद्यालयमा भर्ना नहुने तथा भए पनि बीचैमा कक्षा छाड्ने कारणहरूको सम्बन्धमा अवधारणा लिइएको थियो । जसलाई निम्नअनुसार तल व्याख्या गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा हेर्दा चरम गरिबीका कारणले विद्यालय छाड्ने कारण बताउने अभिभावकहरू ७ जना वा ३५ प्रतिशत अभिभावकहरू रहेका छन् भने हामी कपी कलम किन्न सक्दैनौ भन्ने अभिभावकहरू २ जना वा १० प्रतिशत रहेको पाइयो । त्यस्तै जहिले छोराछोरी फेल भएर भन्ने अभिभावकहरू २ जनावा १० प्रतिशत रहेको पाइयो । त्यस्तै हाम्रो बस्तीमा कसैले छोराछोरी पढाउँदैनन् भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो । त्यस्तै हामीलाई छोराछोरी पढाउनु प र्छ भन्ने ज्ञान छैन भन्नेहरू ५ जना वा २५ प्रतिशत रहेको पाइयो । त्यस्तै विद्यालय जाँदा शिक्षकले हाम्रा नानीहरूलाई गरिब भनेर हेला गर्छन् भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो । त्यस्तै स्कुलमा कुर्सी, डेस्क, बेन्ची नै छैनन् अरे भन्ने अभिभावकहरू १ जना वा पाँच प्रतिशत रहेको पाइयो भने छोराछोरीलाई स्कुल पठाउँदा काम कसले गर्छ र भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो ।

यस अध्ययनले मानिसलाई सबैभन्दा बढी आर्थिक अभाव नै रहेछ भन्ने ज्ञान हुनुका साथै गरिबीकै कारण छोराछोरी पढाउन नसक्ने अवस्था हुँदो रहेछ भन्ने सन्देश यस अध्ययनले देखाउँछ किन भने यस तालिकामा सबैभन्दा बढी बालबालिका विद्यालय जान नसक्नु वा बीचैमा कक्षा छोड्नुको मुख्य कारण गरिबी नै रहेछ भन्ने पाइयो ।

**भूमिहीन सुकुम्बासी विद्यार्थीहरूको धारणा**

यस सीमाना चोकमा रहेका आधारभूत तह (१-५) उमेरका बिचैमा विद्यालय छाडेका बालबालिकाहरूमा नमुनामा परेका २० बालबालिकाहरूबाट उनीहरूले बिचैमा विद्यालय छाड्नका कारणहरूको अवधारणा लिइएको थियो । जसलाई निम्न अनुसार तल व्याख्या गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाहरूको धारणा हेर्दा विद्यालयमा बिचैमा कक्षा छोड्ने प्रमुख कारण भनेको चरम गरिबी हो भन्नेमा ६ जना वा ३० प्रतिशत रहेको छ । त्यस्तै कपी, कलम, ब्याग र ड्रेसको अभावका कारण भन्ने ३ जना वा १५.०० प्रतिशत रहेका छन् । जहिले छोराछोरी फेल भएर भन्ने अभिभावकहरू २ जना वा १०.०० प्रतिशत रहेका छन् भने हाम्रो बस्तीमा कसैले छोराछोरी पढाउँदैन भन्नेहरू १ जना वा ५.००

प्रतिशत रहेका छन् । हामीलाई छोराछोरी पढाउनु पर्छ भन्ने ज्ञान छैन भन्ने अभिभावकहरू २ जना वा १०.०० प्रतिशत रहेका छन् भने स्कुलमा शिक्षकले गरिब भनेर हेप्छन् भन्नेमा १ जना वा ५.०० प्रतिशत रहेका छन् । स्कुलमा कुर्सी, डेस्क, बेन्ची छैनन् अरे भन्ने अभिभावकहरू ४ जना वा २०.०० प्रतिशत रहेको पाइयो भने छोराछोरीलाई स्कुल पठाउँदा काम कस्ले गर्छ र ? भन्ने अभिभावकहरू १ जना वा ५.०० प्रतिशत रहेका छन् । यस अध्ययनबाट सबैभन्दा बढी विद्यार्थी भर्ना नहुने र बीचैमा कक्षा छोड्नुको कारण चरम गरिबी भएको पाइयो ।

**भूमिहीन सुकुम्बासी बालबालिकाको कक्षा छाड्ने कारणहरू**

यस अध्ययनले शिक्षकहरूको भेदभावपूर्ण व्यवहारले गर्दा विद्यार्थीमा हीनतावोध उत्पन्न हुने साथै विद्यालय, शिक्षक एवम् शिक्षाप्रति नै नकारात्मक सोचको विकास हुने सम्भावना भएकोले विद्यालयमा अध्ययनरत सबै जातजाति, धर्म, वर्ण, लिङ्गका बालबालिकाहरूप्रति शिक्षकले सधैं भेदभावमुक्त व्यवहार गर्दै मनोरञ्जनात्मक ढङ्गबाट अध्यापन गर्नु पर्ने देखिन्छ । विद्यालयमा शैक्षिक सामग्रीको अपर्याप्तता तथा भौतिक सुविधाको उपयुक्त व्यवस्थापन हुन नसकेको खण्डमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकिदैन । त्यसैले विद्यालय शिक्षासँग सम्बन्धित, संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायका साथै वुद्धिजीवि, सरोकारवाला सबैले यस क्षेत्रका भूमिहीन सुकुम्बासी बालबालिकाहरूको वढ्दो कक्षा छाड्ने दरलाई ध्यानमा राखी आवश्यकता अनुसार भौतिक सामग्री एवम् भौतिक पक्षको व्यवस्थापनमा सहयोग पुर्‍याई, शिक्षण सिकाइका निम्ति उपयुक्त वातावरण सृजना गरी बालबालिकाहरूलाई विद्यालयमा नियमित गराउन तथा बीचैमा कक्षा छाड्नबाट रोकी तह पुरा गराउन टेवा पुर्‍याउनु पर्ने देखिन्छ ।

**भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा नियमितता तथा सहभागिता**

धरान उपमहानगरपालिका वडा नं. ११ सीमाना चोकमा बसोबास गर्ने भूमिहीन सुकुम्बासी विद्यार्थीहरू विद्यालय गई राखेका छन् । नियमित विद्यालय जान्छन्, जाँदैनन्, गृहकार्य गर्छन्, गर्दैनन्, अतिरिक्त क्रियाकलापमा भाग लिन्छन्, लिदैनन्, घरमा पढाइमा ध्यान दिन्छन्, दिदैनन् आदि जस्ता कुराहरूलाई तलको तल वर्णन गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाको धारणा हेर्दा नियमित विद्यालय जाने जाने १३ जना वा ६५ प्रतिशत रहेको पाइयो । त्यस्तै विद्यालय धेरैजसो नजाने ३ जना वा १५

प्रतिशत रहेको पाइयो । त्यस्तै विद्यालय कहिलेकाँही मात्र जाने ४ जना वा २० प्रतिशत रहेको पाइयो । यस अध्ययनबाट नियमित विद्यालय जानेहरूको संख्या बढी देखियो ।

**विद्यालयमा भर्ना नभएका र बीचैमा कक्षा छाडेका बालबालिकाको अवस्था**

प्रस्तुत अध्ययनको क्रममा अभिभावकहरूका आधारभूत (१-५) तह उमेरका ९४ जना बालबालिकामध्ये ७१ जना बालबालिकाहरु मात्र विद्यालयमा सहभागी भएको पाइयो । बाँकी २३ जना भर्ना नै नभएका वा भर्ना भएर बिचैमा विद्यालय छोडेका पाइयो । यस तथ्याङ्कलाई निम्नअनुसार तल वर्णन गरिएको छ :-

विद्यालयमा भर्ना नभएका र बीचैमा कक्षा छाडेका बालबालिकाको अवस्था हेर्दा विद्यालय जाने उमेरका तर विद्यालय नगएका बालबालिकाहरुको सङ्ख्या २३ जना रहेको जसमा ८ बालक र १५ बालिका रहेका छन् । त्यस्तै भर्ना नभएका बालबालिकाहरुको सङ्ख्या १५ जना रहेको पाइयो जसमा ४ बालक र ११ बालिका रहेका छन् । त्यसैगरी विद्यालय गएर बीचैमा छाड्का बालबालिकाहरुको सङ्ख्या ८ जना रहेको जसमा ४ बालक र ४ बालिका रहेको पाइयो ।

**भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नुका कारणहरू**

आमा-बाबु अथवा अभिभावक निरक्षर हुनु नै बालबालिकाले विद्यालय छाड्नुको प्रमुख कारण हो । यसबाहेक बालबालिकाको घरपरिवार, छरछिमेक र विद्यालयमा खराब साथीसँगको सङ्गतको प्रभाव पनि विद्यालयमा अनियमित हुने, ढिलो विद्यालय पुग्ने, विद्यालयबाट बीचैमा भाग्ने र विद्यालय छाड्ने समस्याका रूपमा देखिएका छन् । बालबालिकाहरुका अभिभावक दैनिक ज्यालाखारी गिटी कुट्ने, नगरपालिकामा, दैनिक ज्याला मजदुरी गर्ने, फोहोर उठाउने, झाडु लगाउने जस्ता काम गर्ने भएका कारण पनि विद्यालय छाड्नु परेको छ । परिवारको गरिबीका कारण बालबालिकाहरु विद्यालयको सट्टा काममा जानुपर्ने बाध्यता रहेको देखियो । गरिबीकै कारणले बालबालिकाहरु विद्यालय नजाने, कक्षामा अनियमित हुने, पढाइमा कमजोर हुने र अन्ततोगत्वा विद्यालय छाड्ने गरेको देखिएको छ । आधारभूत तह (१-५) उमेरका भूमिहीन सुकुम्बासी बालबालिकाहरू किन विद्यालय जाँदैनन्, गए पनि तह पूरा नगरी बीचैमा किन कक्षा छाड्छन् जस्ता कुराहरू पत्ता लगाउन भूमिहीन सुकुम्बासी बालबालिका, तिनका अभिभावक तथा शिक्षकबाट प्राप्त आधारभूत (१-५) उमेरका भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय नजानु र बीचैमा कक्षा छाड्नुका कारणहरू वर्णन गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नुका कारणहरूमा मुख्य कारण आर्थिक अभाव देखियो, जसमा आर्थिक अभाव भएकै कारण छोराछोरी विद्यालय नपठाउनेहरू ८ अभिभावक र ४ जना शिक्षक पाइयो । त्यस्तै घरायसी कारणले भन्ने १५ जना बालबालिका र ७ जना शिक्षक पाइयो । त्यस्तै सामाजिक कारण देखाउने २ जना अभिभावक मात्र पाइयो भने भाइबहिनी स्याहार गर्नु परेकाले भन्ने ४ जना अभिभावकर ७ जना बालबालिका रहेको पाइयो । त्यस्तै बारम्बार असफलता भएको कारण देखाउने १ जना अभिभावक, ४ जना बालबालिका र १ जना शिक्षक पाइयो । त्यस्तै स्वास्थ्यको कारणले भन्नेहरू १ जना अभिभावक, ३ जना बालबालिका र १ जना शिक्षक पाइयो भने दाजु दिदीहरूको देखासिखी गर्ने बालबालिकाहरूका ५ जना अभिभावक पाइयो । अन्य कारण देखाउने २ जना अभिभावक ६ जना बालबालिका र १ जना शिक्षक पाइयो । यस अध्ययनबाट विद्यालय छाड्नुको मुख्य कारण घरायसी नै हो भन्ने पत्ता लागेको छ ।

**विद्यालयमा भर्ना नहुने र कक्षा छाड्ने बालाबालिकाका अभिभावकको मासिक आय आर्जनको अवस्था**

प्रस्तुत शोधपत्र अध्ययनका क्रममा विद्यालयमा भर्ना नभएका साथै भएर पनि बीचैमा कक्षा छाडेका भूमिहीन सुकुम्बासी बालबालिका अभिभावकहरूको मासिक आयलाई पनि अध्ययन गरिएको छ । यसलाई तल प्रस्तुत गरिएको छ :-

अभिभावकको मासिक आय आर्जनको अवस्था हेर्दा अनुमानित मासिक १०, ००० भन्दा कम कमाउने ३ जना वा ३३.३३ प्रतिशत रहेको पाइयो भने अनुमानित ११,००० कमाउने ४ जना वा २२.२३ प्रतिशत रहेको पाइयो । अनुमानित १२,००० कमाउने ५ जना वा २६.६६ प्रतिशत रहेको पाइयो भने अनुमानित १३.,००० कमाउने ५ जना वा २६.६६ प्रतिशत रहेको पाइयो भने अनुमानित १४,००० जति कमाउने १ जना र अनुमानित १५,००० वा सोभन्दा बढी कमाउने ३ जना १६.३३ प्रतिशत रहेको पाइयो । यस अध्ययनबाट मासिक रूपमा दैनिक गुजारा चलाउने भूमिहीन सुकुम्बासी बालबालिकाहरुका अभिभावकहरू अनुमानित १२,००० मासिक कमाउने बढी मात्रामा रहेको पाइयो । यिनीहरू दैनिक ज्याला मजदुरी गर्ने भएकाले मासिक रूपमा कहिले काम नपाउने समस्या पनि हुने गरेको पाइयो तर जना बालबालिकाहरुका अभिभावक भने वैदेशिक रोजगार गएका कारण मासिक १५,००० वा सोभन्दा माथि कमाउने गरेको पाइयो ।

**अभिभावकको खानपानको अवस्था**

भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता शीर्षकको शोधपत्रको अध्ययन धरान ११ सीमाना चोकमा गरिएको छ । अध्ययनले अभिभावकको खानपानको अवस्थाले पनि बालबालिकाहरूको शिक्षामा प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने देखाएको छ । सीमाना चोकमा रहेका कतिपय अभिभावकहरू आफ्ना छोराछोरीलाई विद्यालय भर्ना गरेका छैनन् तथा भर्ना गरिएका बालबालिकाहरूले पनि बीचैमा विद्यालयमा भर्ना गरेका छैनन् तथा भर्ना गरिएका बालबालिकाहरूले पनि बीचैमा कक्षा छाडेका छन् । त्यस्ता अभिभावकहरूको खानपानको अवस्था अध्ययन गरिएको छ । जसलाई तल व्याख्या देखाइएको छ :-

अभिभावकको खानपानको अवस्था हेर्दा अभिभावकले मात्र काम गर्दा तीन महिनासम्म  खान पुग्ने ३ जना वा १६.६६ प्रतिशत रहेको पाइयो । त्यस्तै अभिभावकले मात्र काम गर्दा तीन महिनादेखि ६ महिनासम्म खान पुग्ने ८ जना ४४.४४ प्रतिशत रहेको पाइयो । अभिभावकले मात्र काम गर्दा ६ देखि ९ महिनासम्म पुग्ने ३ जना वा १६६७ प्रतिशत रहेको पाइयो भने अभिभावकले मात्र काम गर्दा वर्षभरि खान पुग्ने ४ जना वा २२.२३ प्रतिशत रहेको पाइयो । यस अध्ययनबाट सबैभन्दा बढी अभिभावकले मात्र काम गर्दा तीन महिनादेखि ६ महिनासम्म खान पुग्ने ८ जना वा ४४.४४ प्रतिशत रहेको पाइयो । त्यही कारण बालबालिका बाबुआमासँगै ज्याला मजदुरी गर्न जान बाध्य भएका कारण विद्यालय भर्ना नै नहुने र भइहाले पनि बीचैमा कक्षा छोड्ने गरेको पाइयो ।

**बालबालिकाका अभिभावकहरूको शिक्षाप्रतिको धारणा**

शोधपत्र अध्ययनको क्रममा सीमाना चोकमा रहेका कतिपय अभिभावकहरूले आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना नगर्ने तथा गरेपनि बालबालिकाहरुले बीचैमा कक्षा छाड्ने कारणमा कतै उनीहरूमा भएको शिक्षाप्रतिको धारणाले प्रभाव पारेको त छैन ? भन्ने कुरालाई मध्यनजर गरी यस विषयमा गरिएको स्थलगत सर्वेक्षणबाट निम्नअनुसारको धारणा तल व्याख्या गरिएको छ :-

अभिभावकहरुको शिक्षाप्रतिको धारणा हेर्दा छोराछोरीलाई पढाउनु पर्छ भन्ने अभिभावकहरू ११ जना वा ६१.१२ प्रतिशत रहेको पाइयो । त्यस्तै पढाउनु पर्दैन भन्ने

अभिभावकहरू २ जना वा ११.११ प्रतिशत रहेको पाइयो भने अन्य भावना भएका अभिभावकहरू ५ जना वा २७.७७ प्रतिशत रहेको पाइयो । यस अध्ययनबाट के देखिन्छ भने पढाउनु पर्छ भन्ने अभिभावकहरू ११ जना वा ६१.११ रहेको पाइयो । शिक्षाप्रति सकारात्मक धारणा राख्ने अभिभावकको सङ्ख्या नै बढी देखिन्छ । यसबाट उनीहरूको शिक्षाप्रतिको धारणा सकारात्मक भएपनि आर्थिक अभावका कारण आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना नगरेको तथा गरेपनि बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ ।

**भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याहरू**

प्रस्तुत अध्ययन सीमाना चोकमा रहेका विद्यालयमा भर्ना नभएका तथा भर्ना भएर पनि बीचैमा कक्षा छाडेका बालबालिकाहरू, अभिभावक, प्र.अ. तथा शिक्षकबाट प्राप्त धारणा अनुसार बालबालिकाहरू विद्यालयमा भर्ना नहुने तथा भए पनि बीचैमा कक्षा छाड्ने बालबालिकाहरू रहेका छन् ।

**भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा**

प्रस्तुत शोधपत्र भूमिहीन सुकुम्बासी बालबालिकाहरू विद्यालयमा भर्ना नहुने तथा भए पनि बीचैमा कक्षा छाड्ने को जिम्मेवार भनि पत्ता लगाउन भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकहरूको धारणा लिइएको थियो । उनीहरूको धारणा अनुसार भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने तथा भए पनि बीचैमा छाड्ने विद्यार्थीहरूरहेका छन् । जसलाई तल वर्णन गरिएको छ :-

भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणाको अध्ययन गर्दा विद्यार्थी स्वयम् ४ जना वा २२.२२ प्रतिशत रहेको पाइयो । शिक्षक २ जना ११.११ प्रतिशत रहेको छ । त्यस्तै विद्यालय १ जना वा ५.५६ प्रतिशत रहेको पाइयो भने अभिभावक १० जना वा ५५.५५ प्रतिशत पाइयो । त्यस्तै १ जना ५.५६ प्रतिशत रहेको पाइयो ।

**भूमिहीन सुकुम्बासी बालबालिकाको धारणा**

सीमाना चोकमा रहेका आधारभूत तहका (१-५) उमेरका भूमिहीन सुकुम्बासी बलाबालिकाहरूको धारणा अनुसार उनीहरू विद्यालयमा भर्ना नहुँने साथै भए पनि बीचैमा कक्षा छाड्न कारण सोध्दा उनीहरूले विभिन्न कारणहरू सुनाए । ती धारणा वा कारण तल व्याख्या गरिएको छ :-

सबैजना काम गरेर पैसा कमाउँछन् त्यसैले म पनि काम गर्नका लागि आफ्नै खुसीले आफ्नै खुशीले विद्यालय छोडेको हो भन्ने विद्यार्थी ९ जना वा २२.०५ प्रतिशत रहेछन् । त्यस्तै घरमा आएर गृहकार्य गर्न पाइँदैन काम गर्न जानु पर्छ । गृहकार्य नगरेपछि शिक्षकको गाली खानु पर्छ । अगाडि आएर उभिनु पर्छ कहिले काँही कुटाइ पनि खानु पर्छ । त्यसैले बीचैमा विद्यालय जान छोडेको भन्ने विद्यार्थीहरू ५ जना वा १२.०५ जना रहेका छन् । बिहान बेलुकी काम गर्नुपर्छ । विद्यालय टाढा छ भन्ने ४ जना वा १० प्रतिशत रहेको पाइयो । त्यस्तै अभिभावकले छोराछोरी नियमित विद्यालय जान्छन् कि जाँदैनन् भनी वास्ता नै गर्दैनन् भन्ने विद्यार्थीहरू ३ जना वा ७.०५ प्रतिशत रहेका छन् भने पढ्न मन हुँदा हुँदै पनि गरिबीका कारण बाबुआमासँगै काम गर्न जानुपर्छ भन्नेहरू १९ जना वा ४७.०५ प्रतिशत रहेका छन् ।

### विद्यालयमा नयाँ भर्ना र पुनः विद्यालयमा सहभागी गराउने उपायहरू

हरेक समस्याहरू अवसरका स्वरूप हुन् । समस्याबाट उम्कन खोज्नु भनेकों सीप तथा क्षमता विकासको अवसरबाट बञ्चित रहनु हो । समस्या समाधान गरिसकेपछि सुख र सन्तोष प्राप्त गर्नुका साथै नयाँ चुनौतीहरू सामना गर्न सहज हुन्छ । समस्या समाधान गर्ने प्रक्रियाबाट हामीले अझ जटिल समस्याहरू समाधान गर्ने क्षमता प्राप्त गर्न सक्छौं । प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाको रूपमा विद्यालयमा भर्ना नै नभएका र भर्ना भै बीचैमा कक्षा छाडेका विद्यार्थी र तिनीहरूका अभिभावक, शिक्षक र अन्य सम्बन्धित व्यक्तिहरूलाई भराइएको प्रश्नावली अनुसार सबै बालबालिकाहरूलाई पुनः विद्यालय जान मन लागेको तर विभिन्न समस्याले गर्दा विद्यालय नगएको वताए । साथै उनीहरूबाट प्राप्त मतमा विद्यालय नगएका र बीचैमा छाडेका भूमिहीन सुकुम्बासी बालबालिकाहरुलाई विद्यालयमा सहभागी गराई भर्नादर वढाउने तथा कक्षा छाड्ने दर घटाउने उपायहरू खोजिएको थियो ।

### आर्थिक सहयोग प्रदान गर्नु पर्ने

अध्ययन गरिएका चार वटा विद्यालयका २०% बालबालिकहरुले विद्यार्थीलाई आर्थिक सहयोग प्रदान गरेमा विद्यालयमा पुन : सहभागी गराउन सकिन्छ भन्ने धारणा राखेको थिए । यस्तो धारण ५०% अभिभावकहरु र ३०% शिक्षकहरुले राखेका थिए ।

**अतिरिक्त समयमा निशुल्क शिक्षा प्रदान गर्ने**

अध्ययन गरिएका चार वटा विद्यालयका २७% बालबालिकहरुले विद्यार्थीलाई अतिरिक्त समयमा निःशुल्क शिक्षा दिएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ४०% अभिभावकहरुले अतिरिक्त समयमा निशुल्क शिक्षा दिएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए । अध्ययन गरिएका चार वटा विद्यालयका ७% शिक्षकहरुले विद्यालय छोडेका बालबालिकहरुलाई यस्तो सुविधा दिदा विद्यालयमा सहभागी गराउन सकिने धारण राखेका थिए । विभिन्न कारणले विद्यालय छोडेका बालबालिकहरुलाई पुन : विद्यालयमा सहभागी गराउन शिक्षा क्षेत्र सँग सम्बन्धित २६% मानुभावहरुले आफ्नो धारणा राखेका थिए ।

**शैक्षिक सामग्री, छात्रवृत्ती, पोशाक प्रदान गर्ने**

अध्ययन गरिएका श्री ज्ञानेदय मा.वि., श्री घोपा मा.वि, श्री पञ्चकन्या मा.वि., श्री अन्नत जोति आधारभूत विद्यालयका बालबालिकहरुलाई शैक्षिक सामग्री, छात्रवृत्ति, पोशाक दिएमा ४०% बालबालिकाहरुले पुन : विद्यालय आउन चाहेको आफनु धारण राखेका थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकहरुको ५०% अभिभावकहरुले शैक्षिक सामग्री, छात्रवृत्ती, पोशाक दिएमा पुन : आफना बालबालिकहरुलाई विद्यालयमा पठाउने धारण राखेका थिए । सम्बन्धित विद्यालयका ६% शिक्षकहरुले माथि उल्लेखित सुविधा बालबालिकहरुलाई प्रदान गर्ने पुन : विद्यालयमा सहभागी हुने धारण राखेका थिए । त्यसै गरी शिक्षा सँग सम्बन्धित ४% व्यक्तिहरुले शैक्षिक सामग्री, छात्रवृत्ति, पोशाक दिएमा विद्यालयमा पुन : भर्ना हुन सक्ने आफ्नो धारण राखेका थिए ।

**स्वास्थ्य राम्रो बनाउने**

अध्ययन गरिएका चार वटा विद्यालयका ९०% बालबालिकहरुले स्वाथ्य राम्रो भएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको १०% अभिभावकहरुले स्वाथ्य राम्रो भएमा आफ्ना बालबालिकाहरुलाई पुन : विद्यालयमा पठाउने धारणा राखेका थिए ।

**भाइ वहिनी हुर्केपछि**

प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाहरुको अध्ययन गरिएका चार वटा विद्यालयका ६०% बालबालिकहरुले भाइ वहिनी हुर्केपछि विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ४०% अभिभाावकहरुले भाइ वहिनी हुर्केपछि आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारणा राखेका थिए ।

**स्थायी वसोवास भएमा**

प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाहरुको अध्ययन गरिएका चार वटा विद्यालयका १०% बालबालिकहरुले स्थायी वसोवास भएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ९०% अभिभावकहरुले स्थायी वसोवास भएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए ।

**आमाको स्वास्थ्य ठीक भएमा**

अध्ययन गरिएका चार वटा विद्यालयका ५०% बालबालिकहरुले आमाको स्वास्थ्य ठीक भएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ५०% अभिभावकहरुले आमाको स्वास्थ्य ठीक भएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए ।

**दाजुदिदी विद्यालय गएमा**

प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाहरुको अध्ययन गरिएका चार वटा विद्यालयका ८०% बालबालिकहरुले दाजुदिदी विद्यालय गएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको २०% अभिभावकहरुले दाजुदिदी विद्यालय गएमा आफ्ना बालबालिकहरुलाई पुनः विद्यालयमा पठाउने धारण राखेका थिए ।

**प्राविधिक शिक्षा दिएमा**

प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाहरुको अध्ययन गरिएका चार वटा विद्यालयका १०% बालबालिकहरुले प्राविधिक शिक्षा दिएमा विद्यालयमा

पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ५०% अभिभावकहरुले प्राविधिक शिक्षा दिएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए । सम्बन्धित विद्यालयका २५% शिक्षकहरुले माथि उल्लेखित सुविधा बालबालिकहरुलाई प्रदान गर्ने पुन : विद्यालयमा सहभागी हुने धारण राखेका थिए । त्यसै गरी शिक्षा सँग सम्बन्धित १५% व्यक्तिहरुल प्राविधिक शिक्षा दिएमा विद्यालयमा पुन : भर्ना हुन सक्ने आफ्नो धारण राखेका थिए ।

**शिशु स्याहार केन्द्र भएमा**

अध्ययन गरिएका चार वटा विद्यालयका १०% बालबालिकहरुले शिशु स्याहार केन्द्र भएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको ९०% अभिभावकहरुले शिशु स्याहार केन्द्र भएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए ।

**चेतनामूलक कार्यक्रम भएमा**

प्रस्तुत शोधपत्र अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाहरुको अध्ययन गरिएका चार वटा विद्यालयका ५% बालबालिकहरुले चेतनामूलक कार्यक्रम भएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको २०% अभिभावकहरुले चेतनामूलक कार्यक्रम भएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए । सम्बन्धित विद्यालयका ६०% शिक्षकहरुले माथि उल्लेखित सुविधा बालबालिकहरुलाई प्रदान गर्ने पुन : विद्यालयमा सहभागी हुने धारण राखेका थिए । त्यसै गरी शिक्षा सँग सम्बन्धित १५% व्यक्तिहरुल चेतनामूलक कार्यक्रम भएमा विद्यालयमा पुन : भर्ना हुन सक्ने आफ्नो धारण राखेका थिए ।

**शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा**

अध्ययन गरिएका चार वटा विद्यालयका ९०% बालबालिकहरुले शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा विद्यालयमा पुन : सहभागी हुने आफनो धारणा राखेको थिए । त्यसै गरी विद्यालय छोडेका बालबालिकाहरुको १०% अभिभावकहरुले शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा आफ्ना बालबालिकहरुलाई पुन : विद्यालयमा पठाउने धारण राखेका थिए ।

**प्राप्ति**

प्रस्तुत “भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता” शीर्षकको शोधपत्र अध्ययनको क्रममा निम्नअनुसार कुराहरू प्राप्त भएका छन् । जसलाई बुँदागत रूपमा समावेश गरिएको छ

अध्ययनमा अभिभावकको साक्षरता अवस्थामा आबाबाबु नै साक्षर हुने २९ घर परिवारको पाइयो । उक्त घर परिवारमा आधारभूत तह (१-५) मा पढ्ने उमेरका बालबालिकाहरू ५४ जना रहे पनि विद्यालय भर्ना भएका बालबालिकाहरू ४० जना मात्र रहेका छन् । त्यस्तै आमाबाबु नै निरक्षर घरधुरी १० रहेको पाइयो भने उक्त घरमा २४ जना विद्यालय उमेरका बालबालिहरु भए पनि १६ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । त्यस्तै बाबु मात्र नै साक्षर हुने १० घर रहेका र २४ जना बालबालिका रहे पनि १६ जना बालबालिका मात्र विद्यालय भएको पाइयो भने आमा मात्र साक्षर हुने ४ रहेका रहेका छन् । तिनीहरू ४ जना विद्यार्थी रहेको र ती विद्यार्थी सबै जना विद्यालय जाने गरेको पाइयो ।

अभिभावकको साक्षरताको आधारमा बालबालिकाहरुको विद्यालय भर्ना हेर्दा अभिभावकको साक्षरता अवस्थामा आबाबाबु नै साक्षर हुने २९ घर परिवारको पाइयो । उक्त घर परिवारमा आधारभूत तह (१-५) मा पढ्ने उमेरका बालबालिकाहरू ५४ जना रहे पनि विद्यालय भर्ना भएका बालबालिकाहरू ४० जना मात्र रहेका छन् । त्यस्तै आमाबाबु नै निरक्षर घरधुरी १० रहेको पाइयो भने उक्त घरमा २४ जना विद्यालय उमेरका बालबालिका भए पनि १६ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । त्यस्तै बाबु मात्र नै साक्षर हुने १० घर रहेका र २४ जना बालबालिका रहे पनि १६ जना बालबालिका मात्र विद्यालय भएको पाइयो भने आमा मात्र साक्षर हुने ४ रहेका रहेका छन् । तिनीहरू ४ जना विद्यार्थी रहेको र ती विद्यार्थी सबैजना विद्यालय जाने गरेको पाइयो ।

दैनिक ज्याला मजदुरी गर्ने ३० घरधुरी रहेका छन् । ती घरमा आधारभूत तह (१-५) मा विद्यालय जाने उमेरका ६० जना बालबालिका भए पनि बिहानी आमाबाबु नै ज्याला मजदुरी गर्ने भएकाले ४० जना मात्र विद्यालय जान सफल छन् । व्यापार व्यवसाय गर्ने घर परिवार ३ वटा रहेका छन् । ती घरहरूमा ८ जना बालबालिका रहेको र ८ जना नै बालबालिका विद्यालय जान सफल रहेको देखिन्छ । त्यस्तै नोकरी गर्ने ३ घर परिवार रहेको पाइयो । शिक्षक तथा प्रधानाध्यापकको धारणा हेर्दा भूमिहीन सुकुम्बासी बालबालिकाहरूमध्ये

४२.८५% आर्थिक कारणले घरायसी कारणले १४.२८% शैक्षिक सामग्रीको अर्प्याप्तताले १४.२८% सामाजिक कारणले, ७.१४% चेतनाको कमीले, ७.१४% भौतिक सुविधाको अभावले, ७.१४% र वारम्वारताको असफलताले, ७.१४% बालबालिकाले तह पूरा नगरी बीचैमा विद्यालय छोडेको पाइयो ।

शिक्षकको भेदभावपूर्ण व्यवहार भने विद्यार्थीले बीचैमा कक्षा छाड्ने कारक तत्व नरहेको पुष्टि भएको छ भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा हेर्दा चरम गरिबीका कारण विद्यालय छोड्ने कारण बताउने अभिभावकहरू ७ जना वा ३५ प्रतिशत अभिभावकहरू रहेका छन् भने हामी कपी कलम किन्न सक्दैनौ भन्ने अभिभावकहरू २ जना वा १० प्रतिशत रहेको पाइयो । त्यस्तै जहिले छोराछोरी फेल भएर भन्ने अभिभावकहरू २ जनावा १० प्रतिशत रहेको पाइयो । त्यस्तै हाम्रो बस्तीमा कसैले छोराछोरी पढाउँदैनन् भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो । त्यस्तै हामीलाई छोराछोरी पढाउनु प र्छ भन्ने ज्ञान छैन भन्नेहरू ५ जना वा २५ प्रतिशत रहेको पाइयो ।

त्यस्तै विद्यालय जाँदा शिक्षकले हाम्रा नानीहरूलाई गरिब भनेर हेला गर्छन् भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो । त्यस्तै स्कुलमा कुर्सी, बेन्ची नै छैनन् अरे भन्ने अभिभावकहरू १ जना वा पाँच प्रतिशत रहेको पाइयो भने छोराछोरीलाई स्कुल पठाउँदा काम कसले गर्छ र भन्ने अभिभावकहरू १ जना वा ५ प्रतिशत रहेको पाइयो ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझावहरू

## निष्कर्ष

प्रस्तुत अध्ययन कोशी प्रदेश अन्तर्गत पर्ने सुनसरी जिल्लाको धरान उपमहानगरपालिका वडा नं. ११ सिमाना चोकमा बसोबास गर्ने "भूमिहीन सुकुम्बासी बालबालिकाहरूको विद्यालयमा सहभागिता" शीर्षकको शोधपत्र अध्ययन गर्दा निम्नअनुसार निष्कर्ष निकालिएको छ ।

यस अध्ययनबाट घर परिवारमा आधारभूत तह (१-५) मा पढ्ने उमेरका बालबालिकाहरू ५४ जना रहे पनि विद्यालय विद्यालय भर्ना भएका बालबालिकाहरू ४० जना मात्र रहेको पाइयो । भूमिहीन सुकुम्बासी अभिभावक आधारभूत तह (१-५) मा विद्यालय जाने उमेरका ६० जना बालबालिका भए पनि बिहानी आमाबाबु नै ज्याला मजदुरी गर्ने भएकाले ४० जना मात्र विद्यालय जाने गरेको पाइयो । भूमिहीन सुकुम्बासी बालबालिकाले बीचैमा कक्षा छोड्ने प्रमुख कारण भनेको चरम गरिबी रहेको पाइयो । भूमिहीन सुकुम्बासी बालबालिकाको नियमित विद्यालय जाने १३ जना वा ६५.०० प्रतिशत रहेको पाइयो ।

यस अध्ययनबाट विद्यालयमा भर्ना नभएका र बीचैमा कक्षा छाडेका बालबालिकाको अवस्था अध्ययन गरिएको छ । जसमा विद्यालय जाने उमेरका तर विद्यालय नगएका बालबालिकाको सङ्ख्या २३ जना रहेको जसमा ८ बालक र १५ बालिका रहेका छन् । त्यस्तै यस अध्ययनबाट सबैभन्दा बढी अभिभावकले मात्र काम गर्दा तीन महिनादेखि ६ महिनासम्म खान पुग्ने ८ जना वा ४४.४४ प्रतिशत रहेको पाइयो । त्यही कारण बालबालिकाहरुका बाबुआमासँगै दैनिक ज्याला मजदुरी गर्न जान बाध्य भएका कारण विद्यालय भर्ना नै नहुने र भइहाले पनि बीचैमा कक्षा छोड्ने गरेको पाइयो । यस अध्ययनबाट पढाउनु पर्छ भन्ने अभिभावकहरू ११ जना वा ६१.११ रहेको पाइयो । शिक्षाप्रति सकारात्मक धारणा राख्ने अभिभावकको सङ्ख्या नै बढी देखिन्छ । भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको धारणाको अध्ययन गर्दा विद्यार्थी स्वयम् ४ जना वा २२.२२ प्रतिशत रहेको पाइयो । शिक्षक २ जना ११.११ प्रतिशत रहेको छ । त्यस्तै विद्यालय १ जना वा ५.५६ प्रतिशत रहेको पाइयो भने अभिभावक १० जना वा ५५.५५ प्रतिशत पाइयो । त्यस्तै १ जना ५.५६ प्रतिशत रहेको पाइयो ।

## सुझावहरू

भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता सम्बन्धी गरिएको यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा भूमिहीन सुकुम्बासी बालबालिकालाई शिक्षाप्रति अझ बढी सशक्त बनाउन निम्न बमोजिमको सुझावहरू प्रस्तुत गरिएको छ । यसले आगामी दिनमा नीति निर्माणकर्ता, योजनाकार, सरोकारवालालाई समेत सहयोग पुग्नेछ ।

## नीतिगत तह

१. भूमिहीन सुकुम्बासी अभिभावकको स्थायी आम्दानीको स्रोत नभएको कारण उनीहरूलाई सीपमूलक शिक्षा (जस्तै सिलाइ, बुनाइ, कटिङ्ग, विद्युत मर्मत सम्भार, रेडियो, टि.भी. मर्मत, तालिम) सम्बन्धी सीप सिकाइ आय-आर्जन एवम् रोजगारीको अवसर सृजना गर्नुपर्दछ ।

२. स्थानीय निकाय तथा सामाजिक संस्थाले विभिन्न लक्षित समूहलाई सहयोग दिने संस्थाबाट सहयोग माग गरी भूमिहीन सुकुम्बासी बालबालिकालाई शिक्षा प्रदान गर्ने कार्यमा लगाउनु पर्दछ ।

३. वर्गीय विभेदको अन्त्य गरी सामाजिक रूपमा प्रतिष्ठित एवम् सम्मानजनक जीवनयापन गर्ने स्थितीको सृजना गर्नुपर्दछ ।

४. भूमिहीन सुकुम्बासी बालबालिकाहरूको विद्यालय सहभागिता वृद्धि भई विद्यालय छाड्ने दर घट्ने गर्दछ । भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने र भएपनि बीचैमा कक्षा छाड्नेको प्रमुख जिम्मेवार अभिभावक भएकोले सर्वप्रथम अभिभावकलाई विभिन्न सन्देशमूलक कार्यक्रम मार्फत सचेत बनाउनु पर्ने देखिन्छ ।

**कार्यान्वयन तह**

१. अधिकांश भूमिहीन सुकुम्बासी बालबालिकाको अभिभावक ज्याला, मजदूरी वा काम गर्न जानुपर्ने भएको र उनीहरूका छोराछोरीले घरायसी वा सीमाना चोकमा नै अतिरिक्त कक्षाहरू निशुल्क सञ्चालन गरी उनीहरूलाई शिक्षामा सहभागी गराउनु पर्ने देखिन्छ ।

२. विद्यालय नगएका तथा छोडेका प्रौढहरूलाई अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

३. सीमाना चोकमा निशुल्क शिशुस्याहार केन्द्रको स्थापना गरी घरमा भाइवहिनी हेर्नुपर्ने बालबालिकाहरुलाई पढ्ने अवसर प्रदान गर्नु पर्दछ ।

४. निरन्तर विद्यालय जाने, मेहनतसाथ अध्ययन गर्ने, नियमित गृहकार्य गर्ने बालबालिकालाई प्रोत्साहन गर्नुपर्दछ ।

५. बालबालिकालाई पुरस्कार दिने अन्य सम्मान गर्ने गर्नाले अरु भूमिहीन सुकुम्बासी बालबालिकालाई पनि हौसला मिल्न गई विद्यालयमा सहभागितामा वृद्धि हुने गर्दछ । साथै विद्यालय छाड्ने दर घट्ने गर्दछ ।

**अनुसन्धान तह**

अध्ययन गरिएको शीर्षकको अलावा निम्न शीर्षकहरुमा थप अनुसन्धान गर्न सकिने छ :

१. अभिभावकहरुको सचेतना तथा शैक्षिक उपलब्धि ।

२. विद्यालय छाड्ने कारण र समाधान ।

३. आर्थिक अवस्थाले बालबालिकाको शिक्षामा पार्ने प्रभाव ।

४. बालबालिकाको बिद्यालयमा पहुँचमा स्थानीय तहको समन्वय तथा सहभागिता ।

## सन्दर्भ सूची

काफ्ले, वासुदेव, विष्ट, मीनबहादुर, सिन्हा, रामस्वरूप र श्रेष्ठ, चन्द्रबहादुर (२०६०), *शैक्षिक योजना,* काठमाण्डौ, भुँडीपुराण प्रकाशन, बागबजार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५२), *शैक्षिक व्यवस्थापन तथा सङ्गठनात्मक व्यवहार,* काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार,भोटाहिटी ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

नेपाल सरकार (२०७७), *प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८),* नेपाल सरकार राष्ट्रिय योजना आयोग ।

पोखरेल, हरिप्रसाद (२०७८), *अभिभावक शिक्षा किन ?,* सेतोपाटी, ११ पुस ।

बस्नेत, प्रभुनारायण (२०७७), *बालबालिकाको सर्वाङ्गीण विकासका लागि कस्तो शिक्षा,* समय पोष्ट, ४ वैशाख ।

भण्डारी (शाक्य), वेदमाया (२०७५), *शिक्षा क्षेत्रलाई दलालहरूको पञ्जाबाट मुक्त गर्नेबारे,* युनिसेफ ५ जेठ ।

भट्टराई, अञ्जु (२०७६), *कहिले-कसरी सुरु भयो मन्टेश्वरी शिक्षा ?,* नारी मासिक, ७ चैत्र ।

मानन्धर, शर्मिला (२०७८) दश लाख बालबालिकालाई विद्यालयमा ल्याउन थप पहल जरुरी, युनिसेफ ।

वाग्ले, मनप्रसाद तथा कार्की, उपेन्द्र (२०५२), *शिक्षाका आधारहरू,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), *राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन (२०४९),* काठमाडौं ।

शिवाकोटी शर्मा, आशा (२०६२), *झापा जिल्लाको प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको विद्यालय छाड्ने कारणहरू,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तहको शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

सबैका लागि शिक्षा (२००४-०९), *फर्मेटिभ अनुसन्धान परियोजना (२०६५)* विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

## अनुसूची १

### भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

(विद्यालय गएका आधारभूत तहमा अध्ययनरत भूमिहीन सुकुम्बासी बालबालिकाका लागि प्रश्नावली)

१. तिम्रो नाम के हो ?

-------------------------------------------------------

२. तिम्रो विद्यालयको नाम के हो ?

-------------------------------------------------------

३. तिम्रो विद्यालय आउन जान कति समय लाग्छ ?

-------------------------------------------------------

४. तिम्रो विद्यालयमा नियमित पढाई हुन्छ की हुदैन ?

-------------------------------------------------------

५. तिमी सधैँ विद्यालय जान्छौ ?

-------------------------------------------------------

६. किन नियमित विद्यालय नगएका त ?

-------------------------------------------------------

७. तिमी कक्षाकार्य र गृहकार्य सधै गर्छौ ? नगरेको भए किन ?

-------------------------------------------------------

८. तिमी घरमा पनि पढछौ ? पढछौ भने कति घण्टा पढ्छौ र पढ्दैनौ भने किन ?

-------------------------------------------------------

## अनुसुची : २

**भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता (छोराछोरी विद्यालय पठाएका भूमिहीन सुकुम्बासी बालबालिकाका अभिभावकको लागि प्रश्नावली)**

क) तपाईंको नाम : ---------------------------------------------------

ख) उमेर : --------- ग) लिङ्गः -------- घ) जात : .... .... .... ....

ङ) गा.पा. ⁄ न.पा. ⁄ उपमहानपा. --------- च) वडा नं. :.... .... ....

१. तपाईंका छोराछोरी कतिजना ? छोरा कति ? छोरी कति ?

------------------------------------------------------

२. तपाईंका छोराछोरी सबै विद्यालय जान्छन् ?

------------------------------------------------------

३. कति जना जान्छन् ?

------------------------------------------------------

४. कति जना जाँदैनन् ?

------------------------------------------------------

५. तपाईंका छोराछोरी घरमा पढ्छन् कि पढ्दैनन् ?

------------------------------------------------------

६. तपाईंको छोराछोरी कुन विद्यालय पठाउनु भएको छ ?

क) ज्ञानेदय स्कूल ख) घोपा स्कूल ग) पञ्चकन्या स्कूल घ) अन्नत शिक्षा ज्योति

७. तपाईंको छोराछोरी नियमित विद्यालय पठाउनुहुन्छ ?

क) पठाउछु ख) कहिलेकाही पठाउदिन ग) कहिले आफै जादैनन्

८. तपाईं छोराछोरीको पढाइदेखि सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) अलिअलि ग) उच्चशिक्षा

९. छोराछोरीलाई पढाउन कस्तो शैक्षिक समस्याको महसुस गर्नुभएको छ ?

क) यातायातको समस्या ख) आर्थिक समस्या ग) समयको अभाव

१०. तपाईंको छोराछोरी पढ्ने विद्यालयमा नियमित पढाइ हुन्छ ?

क) कहिलेकाही ख) हुँदैन ग) हुन्छ ।

## अनुसुची : ३

## भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

## (विद्यालय भर्ना नभएका भूमिहीन सुकुम्बासी बालबालिकाको लागि अन्तरवार्ता प्रश्नवाली)

१. तिम्रो नाम के हो ?

-----------------------------------------------------------

२. तिमी कति वर्षका भयौ ?

-----------------------------------------------------------

३. तिमी विद्यालय किन नगएका ?

-----------------------------------------------------------

४. घरमा के गरेर बस्छौ ?

-----------------------------------------------------------

५. घरपरिवारको आम्दानीको स्रोत के हो ?

-----------------------------------------------------------

६. के सुविधा पाएमा विद्यालय जान्छौ ?

-----------------------------------------------------------

७. तिमी विद्यालय जान चाहन्छौ ?

क) जान्छु ख) जान्न ग) पढेर काम छैन्

८. विद्यालय जान मन लाग्दैन ।

क) लाग्छ ख) लाग्दैन ग) कहिलेकाही

९. तिमी विद्यालय नजानुको कारण के हो ?

क) आर्थिक अभाव ख) छोरी हुँनाले ग) घरायसी कारण

१०. तिमी घरमा के काम गर्छौ ?

क) भाइबहिनी हेर्छु ख) ज्याला मजदुरी गर्छु घ) घाँस दाउरा गर्छु

११. कस्तो सुविधा पाए विद्यालय जान्थे जस्तो लाग्छ ?

क) यातायातको सुविधा ख) आर्थिक सुविधा ग) भेदभावमुक्त शैक्षिक वातावरण

१२. तिमी आफै विद्यालय नगएको कि, वुवाआमाले नपठाएर ?

क) आफैं ख) वुवाआमाले नजा भनेर ग) भोकै के पढ्नु ।

## अनुसुची : ४

## भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूका विद्यालयमा सहभागिता बीचैमा विद्यालय छाडेका वा छुट्टाइएका बालबालिकाका लागि अन्तर्वार्ता प्रश्नावली

१. तिमी कति कक्षामा पढ्दा पढ्दै विद्यालय छोड्यौ

-----------------------------------------------------

२. किन विद्यालय जान छाडेका ?

-----------------------------------------------------

३. विद्यालय घरदेखि कति टाढा थियो ?

-----------------------------------------------------

४. आफैँ विद्यालय नगएका कि वुवाआमाले न जा भनेर ?

-----------------------------------------------------

५. तिमीले विद्यालय छाड्नुको कारण के हो ?

क) वारम्वारको असफलता ख) छोरी भएकोले

ग) आर्थिक अभाव घ) घरायसी कारण

६. पुनः विद्यालय जान मन लाग्छ कि लाग्दैन ?

क) वुवाआमाले पठाएमा ख) लाग्दैन

ग) यातायातको सुविधा पाएमा घ) छात्रवृत्ती पाएमा

७. विद्यालय छाडेपछि के काम गर्दैछौ ?

क) घरायसी काम ख) व्यापार ग) ज्याला / मजदुरी घ) अन्य

८. पढनुपर्छ जस्तो लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन ग) पैसा कमाए पुग्छ घ) भोकै पढेर के काम

९. विद्यालय जान किन मन नलागेको ?

क) आर्थिक अभावले ख) पढ्न मन नलागेकोले

ग) घरको काम गर्नुपरेकोले घ) शिक्षकको भेदभावपूर्ण व्यवहार

## अनुसुची : ५

## भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

## (प्रधानाध्यापकलाई सोधिएका प्रश्नावली)

१. तपाईको विद्यालयमा भूमिहीन सुकुम्बासी बालबालिकाको सहभागिता कस्तो रहेको छ ?

क) राम्रो  ख) नराम्रो  ग) ठीकै  घ) अन्य

२. आधारभूत तहमा भूमिहीन सुकुम्बासी विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

ख) सन्तोषजनक  ख) नियमित उपस्थिति छैन  ग) अन्य

३. भूमिहीन सुकुम्बासी बालबालिकाको परिवारको किसिम कस्तो रहेको छ ?

क) बाबुआमा नै साक्षर  ग) आमा बाबु नै निरक्षर  ग) अन्य

४. भूमिहीन सुकुम्बासी अभिभावकको कस्तो पेसा अपनाउछन् ?

क) ज्याला मजदुरी  ख) गिटी गुट्ने  ग) अन्य

५. भूमिहीन सुकुम्बासी विद्यार्थीहरूलाई नियमित विद्यालय उपस्थिति हुन के गर्नु पर्ला ?

क) अभिभावकलाई छोराछोरी विद्यालय नियमित पठाउनु भनेर

ख) विद्यार्थीलाई कक्षा नछोड भनेर  ग) अन्य

६. भूमिहीन सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुनुको मुख्य कारण के जस्तो लाग्छ ?

क) आर्थिक कारण  ख) सामाजिक कारण  ग) साथीभाइ

७. भूमिहीन सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिता हुन कस्ता समस्याहरू देख्नुभयो ?

क) विद्यार्थी आफैंले पढ्न मन नगरेर

ख) शिक्षक पढाएको नबुझेर

ग) अभिभावकले विद्यालय नपठाएर

घ) अन्य

## अनुसुची : ६

## भूमिहीन.सुकुम्बासी समुदायका बालबालिकाहरूको विद्यालयमा सहभागिता

## (शिक्षकलाई सोधिएका प्रश्नावली)

१. भूमिहीन सुकुम्बासी समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता कस्तो पाउनु भएको छ ?

क) सन्तोजनक छैन ख) नियमित उपस्थित हुन चाहे पनि भ्याउँदैनन

ग) पढ्न मन गर्दैछन् घ) अन्य

२. भूमिहीन सुकुम्बासी बस्तीका बालबालिका र अन्य बालबालिकामा केही भिन्नता पाउनु भएको छ ?

क) छ ख) छैन ग) अन्य

३. भूमिहीन सुकुम्बासी बालबालिकाहरू नियमित विद्यालय आउँछन् कि आउँदैनन् ?

क) आउँछन् ख) आउँदैनन् ग) कहिलेकाँही मात्र आउँछन् घ) अन्य

४. भूमिहीन सुकुम्बासी बालबालिकाहरूलाई नियमित उपस्थित गराउन कस्तो कदन चाल्नु भएको छ ?

क) बाबुआमालाई सम्झाउने ख) विद्यार्थीलाई सम्झाएर

ग) विद्यार्थीको भौतिक सामग्रीको चेक घ) अन्य

५. विद्यालयमा नयाँ भर्ना र पुनः विद्यालयमा सहभागी गराउने उपायहरू के के हुन् ?

क) विद्यार्थीका अभिभावकलाई विद्यालयतिर आकर्षित गराएर

ख) भौतिक सुविधाहरू दिएर ग) अन्य

६. भूमिहीन सुकुम्बासी बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुभएको छ ?

क) छ ख) छैन ग) आधा छ घ) अन्य

७. भूमिहीन सुकुम्बासी बालबालिकाहरू अतिरिक्त क्रियाकलापमा भाग लिने गरेका छन् कि छैनन ?

क) छन् ख) छैनन् ग) कहिलेकाँही घ) अन्य